मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

**आवश्यकता**
**पद:** पृष्ठ संयोजक/उपसम्पादक
**संख्या:** २
**जिल्ला संवाददाता:** ११
(सप्तरी-१, सिरहा-१, धनुषा-१ (सिटी रिपोर्टर), महोत्तरी-१, सर्लाही-१, रौतहट-३ (गौर, चपुर, गरुडा-कटहरिया), बारा-२ (निजगढ-सिमरा, कलैया), पर्सा-१ (ग्रामीण)
**योग्यता:** न्यूनतम प्रमाणतह उत्तीर्ण र पत्रकारितामा क्रियाशील एवम् अभिरुची भएको, इच्छुकले फागुन १५ गतेभित्र हस्तलिखित आवेदन, शैक्षिक प्रमाणपत्र र नागरिकताको प्रतिलिपि
madheshdristi@gmail.com मा इमेल गर्नुहोला ।

● वर्ष ३ ● अंक १०९ ● २०८१ साल फागुन १५ गते बिहिबार ● Thursday 27, February 2025 ● सूर्योदय: बिहान ६:३१ बजे ● सूर्यास्त: साँझ ६:०५ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# आज पर्सा मन्त्रीमय बन्दै



राजकुमार गुप्ता
सामान्य प्रशासन मन्त्री

प्रदीप यादव
खानेपानी मन्त्री

अजय कुमार चौरसिया
कानून मन्त्री

बलराम अधिकारी
भूमि व्यवस्था मन्त्री

पर्साको पोखरियामा मालपोत तथा नापी कार्यालय उद्घाटनका लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारी, पर्साका ३ मन्त्रीहरुः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ता, खानेपानी मन्त्री प्रदीप यादव र कानून, न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरसिया आउने भएका छन् ।

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल सरकारको २५ सदस्यीय मन्त्रिमण्डलमा पर्साका मात्रै तीन सांसद मन्त्री छन् । यसो हेर्दा सरकारमा पर्सा जति शक्तिशाली र पहुँच भएको जिल्ला सायदै देखिन्छ । पर्साका मात्रै तीन मन्त्री वर्तमान केन्द्रीय सरकारमा छन् । यिनै मन्त्रीहरुसहित थप एक मन्त्री आज पर्साको पोखरियाको एउटै मञ्चमा देखिने भएका छन् ।
ग्रामीण भेगका जनतालाई सेवा सहज बनाउन पोखरिया नगरपालिकामा सञ्चालन गरिन लागेको मालपोत तथा नापी कार्यालय उद्घाटन आज हुँदैछ । गाउँमै सेवा लिन सहज हुने भएपछि स्थानीय पनि खुशी छन् । उनीहरुको खुशीमा खुशी बाँड्न पर्साका सबै मन्त्री, सांसद त कार्यक्रममा सहभागी हुने नै भए । मालपोत तथा नापी कार्यालयको विभागीय मन्त्री, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारी पनि कार्यालय उद्घाटनमा पर्सा आउने भएका छन् ।
यस्तै, पर्साबाट मन्त्री भएकाहरु सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ता, खानेपानी मन्त्री प्रदीप यादव र कानून, न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरसिया पनि कार्यक्रममा सहभागी हुनेछन् । एउटा सरकारी कार्यालय उद्घाटनमा चार जना मन्त्री आउनु पनि पोखरिया र ग्रामीया भेगका वासिन्दाका लागि गर्वको विषय बनेको छ । एउटै कार्यालय चार मन्त्रीले उद्घाटन गर्ने घटना पनि बिरलै पाइन्छ, यो अवसर पनि पोखरियाको मालपोत कार्यालयले पाएको छ ।पोखरियामा कार्यालय स्थापनाका लागि पहल भने सामान्य प्रशासनमन्त्री गुप्ताले गरेका हुन् । उनले यसलाई आफ्नो मन्त्री कार्यकालकै प्रतिष्ठाको विषय बनाएका छन् । आफ्नो पहलमा यो सब काम भएको भन्दै गुप्ताले सामाजिक सञ्जालमा खुशी बाँडेका थिए । यो निर्णयसँगै ससाना कामका लागि वीरगंज धाउनु पर्ने बाध्यताबाट ग्रामीण भेगका नागरिकले उन्मुक्ति पाएका छन् र मन्त्री गुप्तालाई आभार पनि प्रकट गरेका छन् ।
चार मन्त्रीको सहभागितामा नापी तथा मालपोत कार्यालय उद्घाटनका लागि तयारी भएको छ । पोखरिया नगरपालिकाका जनप्रतिनिधिले पनि यसलाई गौरवको विषय बनाएका छन् । सबै राजनीतिक दलका नेता, मन्त्री एउटै मञ्चमा देखिने भएका छन् । आज पर्सा मन्त्रीमय देखिने भएको छ ।

# आर्थिक अधिकार रजिस्ट्रारलाई नै



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
उच्च अदालत जनकपुरले मधेश कृषि विश्वविद्यालयको खाता सञ्चालन गर्ने अधिकार रजिस्ट्रार र आर्थिक प्रशासन प्रमुखको हुने बताएको छ । अदालतले मंगलबार जारी गरेको आदेशमा दुवैको संयुक्त हस्ताक्षरबाट कोषको खाता सञ्चालन हुने जनाएको हो ।
उच्च अदालतले मधेश प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विश्वविद्यालयको कोष खाता तत्काल कायम राख्नसमेत आदेश दिएको छ । मधेश कृषि विश्वविद्यालय ऐन–२०७९ र प्रदेश कृषि विश्वविद्यालय अध्यादेश–२०७८ अनुसार ५ वर्ष कार्यावधिका लागि २०७८ चैत १३ गते भगवान ठाकुर रजिस्ट्रार नियुक्त भएका थिए । यद्यपि, ऐनको दफा २४ अनुसार प्रक्रिया पूरा नगरेर उनलाई जिम्मेवारीविहीन बनाइएको र अदालतको आदेशमा यस विषयको उल्लेख गरिएको छ ।
अदालतले रजिस्ट्रार पद रिक्त भएको वा जिम्मेवारी बहन गर्न नसकेको अवस्थामा विश्वविद्यालयको उपकुलपतिलाई ऐनको दफा २३ बमोजिम जिम्मेवारी तोक्ने अधिकार रहेको उल्लेख गरिएको छ । कृषि विश्वविद्यालय नियमावली २०८० को नियम १८८ अनुसार कोष खाता सञ्चालनको अधिकार रजिस्ट्रार र आर्थिक प्रशासन प्रमुखको संयुक्त हस्ताक्षरबाट हुनुपर्ने व्यवस्था छ ।
उच्च अदालत जनकपुरका न्यायाधीश नरीश्वर भण्डारी र ओमप्रसाद अर्यालको इजलासले २०८१ फागुन गते जारी गरेको अल्पकालीन आदेशलाई नै निरन्तरता दिएको छ । आदेशले रिटको अन्तिम टुंगो नलागेसम्म विश्वविद्यालयको कोष खाता सञ्चालनका सबै अधिकार रजिस्ट्रार र आर्थिक प्रशासन प्रमुखसँग हुनेछ । रजिस्ट्रार ठाकुरले आफूलाई तोकिएको अधिकारविपरीत विश्वविद्यालयका आर्थिक कारोबारका जिम्मेवारी अन्य व्यक्तिलाई तोकिएको विषयमा उच्च अदालतमा रिट दायर गरेका थिए ।
मधेश प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री र विश्वविद्यालयकी सहकुलपति रानी शर्मा तिवारीको पत्रमा विश्वविद्यालयको आर्थिक कार्यको जिम्मेवारी शिक्षा तालिम केन्द्र बाराका प्रमुख महेन्द्र महतोलाई दिइएको थियो ।
ठाकुरले यो निर्णयमा असहमति जनाउँदै अदालतमा अपिल गरेका थिए ।



श्री
उच्च अदालत जनकपुर
संयुक्त ईजलास
इजलास नं.३
माननीय न्यायाधीश श्री नरिश्वर भण्डारी
माननीय न्यायाधीश श्री ओम प्रसाद अर्याल
आदेश
रिट नं.- ०८१-WO-०७९३
विषय:- अधिकारपृच्छा उत्प्रेषण ।
श्रीभगवान ठाकुर------------------------------------------------------निवेदक
विरुद्ध
मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय मधेश प्रदेश जनकपुर समेत -------विपक्षी

अन्तरिम आदेश छलफलका लागि पेश भएको प्रस्तुत रिटमा निवेदन पत्र सहितको मिसिल अध्ययन गरी निवेदक तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री श्याम कुमार मिश्र तथा विपक्षी मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय मधेश प्रदेश जनकपुरको तर्फबाट उपस्थित मुख्य न्यायाधिवक्ताको कार्यालय मधेश प्रदेशका विद्वान सहायक न्यायाधिवक्ता श्री मनोहर लम्सालले गर्नु भएको बहस समेत सुनियो।

यसमा निवेदक मधेश कृषि विश्व विद्यालय ऐन,२०७९(प्रदेश कृषि विश्व विद्यालय अध्यादेश,२०७८ लाई प्रतिस्थापित गरेको) को दफा २० बमोजिम ५ वर्षको कार्यावधि रहने गरी २०७८।१२।१३ मा सो विश्व विद्यालयको रजिष्टार पदमा कार्यरत रहेको देखिएकोमा निजलाई ऐ. दफा २४ बमोजिमको प्रक्रिया पुरा गरी जिम्मेवारी विहिन बनाएको नदेखिएको र कुनै कारणले रजिष्टारको पद रिक्त भएको वा जिम्मेवारी बहन गर्न नसकेको अवस्थामा पनि ऐ. दफा २३ बमोजिम कसैलाई जिम्मेवारी तोक्ने अधिकार ऐ.का उपकुलपतिलाई हुने र मधेश कृषि विधालय नियमावली,२०८० को नियम १८८ मा मधेश कृषि विश्वविद्यालय कोषको खाता सञ्चालन रजिष्टार र आर्थिक प्रशासन प्रमुखको संयुक्त दस्तखतबाट हुने भन्ने व्यवस्था रहेको परिप्रेक्ष्यमा यस अदालतबाट मिति २०८१।११।०६ मा जारी भएको अल्पकालीन अन्तरिम आदेशको शान्दर्भिकता देखिंदा प्रस्तुत रिटको अन्तिम टुंगो नलागेसम्मका लागि उक्त मिति २०८१।११।०६ को आदेशलाई निरन्तरता प्रदान गरिएको छ।यसको सूचना विपक्षीलाई पठाई दिनू।

न्यायाधीश न्यायाधीश
इति सम्वत् २०८१ साल फागुन १३ गते रोज ३ शुभम...

# मधेशमा शिवरात्रिको रौनक



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
देशभर महाशिवरात्रि पर्व भक्तिपूर्वक मनाइएको छ । शिवको आराधना गर्न भक्तजन बिहानै शिवालय पुगेका थिए । हिन्दू धर्मावलम्बी बिहानै नदी, कुण्ड र तलाउमा स्नान गरी शिवालयमा पूजाअर्चनामा सरिक भए । मधेश प्रदेशको राजधानी जनकपुरको कपिलेश्वरनाथ महादेव, धनुषाको क्षिरेश्वरनाथ महादेव, महोत्तरीको जलेश्वरनाथ महादेव, टुटेश्वरनाथ महादेव, सप्तरीको शम्भुनाथलगायतका मन्दिरमा पनि भक्तजनको भिड लागेको थियो ।
शिवरात्रिमा भक्तजन व्रत बस्ने, शिवलिंगमा दूध, धतुरो, र बेलपत्र चढाउने गर्छन् । राति जाग्राम बसेर भगवान शिवको भजनकीर्तन गर्नाले सर्वसिद्धि प्राप्त हुने जनविश्वास छ ।

**शम्भुनाथ महादेव मन्दिरमा भक्तजनको भिड**
शिवरात्रिका अवसरमा
**बाँकी पृष्ठ २ मा**

## शिवनगर महादेव मन्दिरमा दर्शनार्थीको घुइँचो



रौतहटको प्रसिद्ध शिवनगर महादेव मन्दिरमा महाशिवरात्रीका दिन दर्शनार्थीको अत्यधिक घुइँचो लागेको थियो । गरुडा नगरपालिका–५ मा अवस्थित भोलेबाबाको मन्दिरमा दर्शनार्थीको भिड लागेको हो । महाशिवरात्रीको अवसर पारेर ठूलो संख्यामा भक्तजनको भिड लागेको थियो । **बाँकी पृष्ठ २ मा**

# जनकपुरमा अन्तर्राष्ट्रिय चलचित्र महोत्सव हुने




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
संवाद फाउन्डेसनको आयोजनामा नेपाली चलचित्र क्षेत्रको अन्तर्राष्ट्रियकरण, बजार, प्रवद्र्धन तथा सम्भावना र अवसरको खोजीसँगै स्थानीय चलचित्र संस्कृति प्रवर्द्धन गर्ने उद्देश्यले फागुन १६ गतेदेखि १८ गतेसम्म जनकपुरधाममा अन्तर्राष्ट्रिय चलचित्र महोत्सव हुने भएको छ । अध्यक्ष कुमार भास्करले मैथिली विकास कोषको भवनमा आयोजना हुने महोत्सवमा विभिन्न चार विधामा चलचित्र प्रदर्शन हुने बताए ।
उनले फिल्म साक्षरता प्रवद्र्धन, विभिन्न चलचित्र प्रदर्शन गर्दै कार्यशाला तथा मास्टरक्लासमार्फत चलचित्रलाई शक्तिशाली माध्यमका रुपमा अवगत गराउने उद्देश्य रहेको जानकारी दिए ।
महोत्सवमा १ सय १४ भन्दा बढी देशका चलचित्रकर्मीद्वारा ३ हजार ५ सय भन्दा बढी आवेदन प्राप्त भएको र १० विधाबाट चयन भएका ७८ वटा फिल्म प्रदर्शन गरिने छ । प्रत्येक विधामा सर्वोत्कृष्ट हुनेलाई पुरस्कृत गरिनेछ ।

# लहानमा अनलाइनबाट नागरिकता सिफारिस सेवा शुरु

**मधेशदृष्टि**
**सिरहा ।**
इलाका प्रशासन कार्यालय लहानले अनलाइनबाट नागरिकता सिफारिस सेवा सुरुआत गरेको छ । सूचना अधिकारी शशिकुमार चौधरीले ४० वटै वडा कार्यालयबाट नागरिकले सहज ढङ्गबाट त्रुटिरहित र जन्मदर्तासँगै नागरिकता विवरणमा एकरुपता ल्याउने उद्देश्यले यो सेवा शुरु गरेको जानकारी दिए । गृह मन्त्रालयको योजनाअनुरुप वडा कार्यालयबाट अनलाइन प्रणालीमार्फत नागरिकता सिफारिस भएर आउँदा पहिलो दिन लहान नगरपालिका–१५ का अनुसा चौधरी र लहान नगरपालिका–१ का हेमशङ्कर साहुलाई नयाँ नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गरिएको इलाका प्रशासन कार्यालयका प्रमुख गोकर्णराज सुयालले जनाए । उनले भने, 'वडामा अनलाइन दर्ता गर्दा केही कागजात अपुग भए अनलाइनमै इलाका प्रशासनले सच्याउन लगाउँछ । अनलाइन भइसकेका कागजात हेरेर नागरिकता दिने गर्छ ।' विस्तारै कागज लिएर आउनु नपर्ने बनाउने कार्य भइरहेको उनले बताए ।

कार्यालयका अनुसार वडामा अनलाइन भरिसकेका सेवाग्राही कार्यालयबाट अब नागरिकता लिएर मात्र फर्किन्छन् । पहिलेजस्तो धेरैपटक दौडधुप गर्ने अब हुँदैन । इलाका प्रशासन कार्यालय लहनाको कार्यक्षेत्रमा लहान नगरपालिका, भगवानपुर गाउँपालिका, सखुवानन्कारकट्टी गाउँपालिकाका सबै वडा र धनगढीमाई नगरपालिकाको वडा नं १२, १३ र १४ यस्तै लक्ष्मीपुरपतारी गाउँपालिकाका वडा नं २, ६ र नवराजपुर गाउँपालिकाको वडा नं १ रहेको कार्यालयले जनाएको छ ।

# कार र अटो ठोक्किएर दुई जना घाइते

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज पावरहाउस नजिकै भारतीय नम्बरको कार र अटो एकआपसमा ठोक्किएर दुर्घटना हुँदा दुई जना घाइते भएका छन् । घण्टाघरबाट गण्डकतर्फ गईरहेको बीआर ०५ वाई ०२६१ नम्बरको हुण्डाई भारतीय कार र विपरित दिशाबाट आईरहेको मधेस प्रदेश ०३ ००२ स ५९४० नम्बरको अटो एक आपसमा ठोक्किदा अटोमा सवार दुईजना घाईते भएका छन् । प्रत्यक्षदर्शीका अनुसार तीव्र गतिमा रहेको कार गलत दिशाबाट आईरहेको अटोसँग ठोक्किएको हो । अटोमा चारपाँच जना महिला सवार रहेका थिए । उनीहरु मध्य दुईजना घाईते भएका छन् । कार चालक भने घटनापछी भागेको प्रत्यक्षदर्शीले बताएका छन् । फरार कार चालकको खोजी भईरहेको प्रहरीले जनाएको छ ।

# संवाद समूह र क्लोथ बैंकले हेल्थडेक्स संचालन गर्ने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**


नेपाल–भारत खुला सीमा संवाद समूह र क्लोथ बैंक नेपालको संयुक्त आयोजनामा प्रत्येक वर्षझैं यस वर्ष पनि मिथिला मध्यमा परिक्रमा २०२५ अन्तर्गत श्रद्धालु भक्तजन, साधु–सन्त तथा नेपाल–भारतबाट आउने परिक्रमार्थीहरूको सुविधाका लागि हेल्पडेस्क सञ्चालन गरिने भएको छ । संवाद समुह र क्लोथ बैंक नेपालका अध्यक्ष राजिव झाले दिएको जानकारि अनुसार शिविर फागुन १५ गते विहिबार हनुमाननगर, जनकपुरधामबाट उद्घाटन समारोहसहित प्रारम्भ हुनेछ । यात्राको क्रममा फागुन १८ गते मठियानी,फागुन १९ गते जलेश्वर,फागुन २० गते मडई,फागुन २१ गते ध्रुवकुण्ड,फागुन २२ गते कञ्चनवन, फागुन २३ गते पर्वता, फागुन २४ गते धनुषाधाम,फागुन २५ गते सतोषर,फागुन २६ गते औरहीमा परिक्रमार्थीहरूको सहयोग को निम्ति हेल्प डेस्क संचालनमा रहने जनाइएको छ । परीक्रमाको सफल सञ्चालन र व्यवस्थापनका लागि ७ सदस्यीय ब्यबस्थापन तथा ५ सदस्यीय सल्लाहकार समिति गठन गरिएको छ । दीपक यादवको संयोजकत्वमा गठन गरिएको व्यवस्थापन समितिको सहसंयोजकमा रुबि झा रहेकी छन् भने सदस्यहरुमा कृष्ण कुमार साह, धनेश्वर ठाकुर, मनिष ठाकुर र आदित्य झा रहेका छन् । त्यसैगरि सम्पुर्ण कार्यक्रमको मिडिया प्रभारीको रुपमा संवाद समुहका प्रवक्ता प्रमोद कुमार साहलाई चयन गरिएको छ । त्यसैगरि सल्लाहकारहरुमा राजीव झा, शैलेन्द्र झा, शिव शंकर साह, विभा ठाकुर, रामजी राय रहेका छन् । हेल्पडेस्क मार्फत परिक्रमार्थीहरूलाई आवश्यक सहयोग, स्वास्थ्य सेवा, सूचना तथा अन्य आवश्यक व्यवस्थापन गरिने छ । आयोजकहरूले भक्तजन तथा साधु–सन्तहरूको सुरक्षित र सहज यात्रा सुनिश्चित गर्ने प्रतिबद्धता जनाएका छन् ।

# मुनलाईटले उचाल्यो उपाधि

**मधेशदृष्टि**
**वीरगंज ।**

प्याब्सन पर्साले आयोजना गरेको नेपाल मेडिसिटी ईन्टर स्कुल नकआउट क्रिकेट प्रतियोगिताको उपाधी मुनलाईट स्कुलले उचालेको छ । बुधवार नारायणी क्रिकेट मैदानमा भएको फाइनल खेलमा विद्यासागर स्कुललाई १७ रनले पराजित गर्दै मुनलाईटले उपाधि उचालेको हो ।
टस जितेर पहिला ब्याटिङ्ग गरेको मुनलाईट स्कुलले १७.४ ओभरमा सबै विकेट गुमाउँदै ११३ रनको योगफल बनाएको थियो । जसका लागि सेराज हवारी एक रनले अर्धशतक बनाउनबाट चुके । उनले ३२ बलमा ४९ रन बनाए । ११४ रनको लक्ष्यसहित मैदान उत्रिएको विद्या सागर निर्धारित २० ओभरमा ८ विकेट गुमाएर ९६ रनमै समेटियो । प्रतियोगिताको प्लेयर अफ दी म्याच सेराज हवारी भए । सेराज प्रतियोगिता भरीकै उत्कृष्ट खेलाडी पनि भए । प्रतियोगिताकै उत्कृष्ट ब्याटरको उपाधि पनि उनले नै लगे । यति मात्रै नभएर उत्कृष्ट बलरको उपाधि पनि सेराज हवारीकै नाममा रह्यो । उत्कृष्ट फिल्डर दिलरन्जन यादव भए भने उत्कृष्ट विकेट किपर अनुप कुवर भए ।
विद्यासागरका जुनैद आलम ईमर्जिङ् प्लेयर घोषित भए । प्याब्सन पर्साका अध्यक्ष सरोज चौधरीको अध्यक्षतामा भएको समापन समारोहका अवसरमा विजेताहरुलाई पुरस्कार प्रदान गरिएको थियो । प्रथम हुने मुनलाईटले १५ हजार नगदसहित शिल्ड, कप, मेडल र प्रमाण पत्र प्राप्त गरेको छ ।
यस्तै उपविजेता बनेको विद्यासागरले १० हजार नगद र तृतिय भएको साउथ जोन स्कुलले ५ हजारसहित कप, मेडल र प्रमाण पत्र प्राप्त गरेका छन् । यसबाहेक विधागत रुपमा उत्कृष्ट खेलाडीलाई पनि नगदसहित कप, मेडल र प्रमाण पत्र प्रदान गरिएको प्याब्सन पर्साका सचिव अशोक सङ्ग्रौलाले जानकारी दिए ।
प्रतिनीधि सभा सदस्य एवम् पूर्व वन तथा वातावरण मन्त्री बिरेन्द्र प्रसाद महतो, मधेश विश्वविद्यालयका उपकूलपति प्राध्यापक डा. दिपक शाक्य, मधेश प्रदेशका नीति तथा योजना आयोगका सदस्य डा. हरिशंकर साह, जिल्ला शिक्षा समन्वय ईकाई पर्साका प्रमुख मोतिप्रसाद भट्टराई, नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष ओमप्रकाश खनाल लगायतको उपस्थिती रहेको थियो ।

# विद्यार्थीका सिर्जनामा स्वयम्भूका सभ्यता, संस्कृति र सम्पदा



**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिका– १५ का ३३ विद्यालयका ६० विद्यार्थी बुधबार स्वयम्भूमा चित्र कोर्न भेला भए । उनीहरुलाई स्वयम्भू महोत्सव आयोजक समितिले 'विश्व सम्पदा सूचीमा सूचीकृत स्वयम्भू क्षेत्र' शीर्षकमा प्रतियोगितात्मक चित्रकलामा सहभागी गराएको थियो । विद्यार्थीले स्वयम्भूसहित उपत्यकाका दृश्य चित्रमा उतारे । चित्रमा उनीहरुले आफ्ना भावनासमेत पोखे । स्कुले विद्यार्थीहरुले आँखाले देखिरहेको दृश्य दुरुस्त चित्रमा कोरेको देखेर आगन्तुहरुलेसमेत चाख दिएर हेरे । बोधिसत्व स्कुल स्वयम्भूका विद्यार्थी सूर्यमान तामाङले स्वयम्भूको चित्र कोरे । कला सिर्जनामा रुचि राख्ने तामाङले स्वयम्भूमा आएर कला सिर्जना गर्न पाउँदा खुसी महसुस भएको बताए । कामना इन्टरनेशनल स्कुलकी आरोही प्रसाईं पनि चित्र बनाउने प्रतियोगितामा भाग लिन पाउँदा खुसी भइन् । उनले स्वयम्भूसहित धरहरालाई एउटै क्यान्भासमा उतारिन् । आफ्नो चित्रकलामा धरहरा जोडेर उपत्यकाको मौलिकता देखाउन खोजेको उनले बताइन् । उपत्यकाका सम्पदा जोगाउन कलाको भूमिका महत्त्वपूर्ण हुने उनको बुझाइ छ ।
स्वयम्भू महोत्सवमा आयोजित चित्रकला प्रतियोगितालाई स्वर्णिम स्कुलका भगवान श्रेष्ठ र काठमाडौँ महानगरपालिका वडा नम्बर १५ ले सहयोग गरेको हो । चित्रकला प्रतियोगितामा कक्षा ३ देखि ५ र कक्षा ६ देखि ८ गरी दुई समूहमा राखेर कला सिर्जना गराइएको थियो ।
प्रतियोगिताको संयोजन गरेका कलाकार दिवेश प्रधानले स्वयम्भू क्षेत्रभित्रका सभ्यता, संस्कृति र चाडपर्वलाई समावेश गर्ने गरी विषय दिएको र त्यही विषयमा विद्यार्थीले चित्र कोरेका बताए ।
स्वयम्भू महोत्सव मूल आयोजक समितिका संयोजक तथा महानगरको वडा नम्बर १५ का अध्यक्ष ईश्वरमान डङ्गोलले कला संस्कृतिको जगेर्नाका लागि विद्यालयस्तरीय प्रतियोगितात्मक कला सिर्जना कार्यक्रम गरिएको बताए । प्रतियोगितामा कक्षा ६ देखि ८ का विद्यार्थीको समूहतर्फ मोर्डन नेपाल स्कुलकी ग्रिन्ता पण्डित प्रथम, यूरो स्कुलकी अश्रेया शाक्य द्वितीय र डल्लु आवासीय स्कुलका स्वनिग श्रेष्ठ तृतीय भएका थिए । मैत्री स्कुल र शाङ्करी स्कुलका सियविन महर्जन र सौभित महर्जनले सान्त्वना स्थान प्राप्त गरे ।
त्यसैगरी, कक्षा ३ देखि ५ का विद्यार्थीतर्फ डल्लु आवासीय विद्यालयकी सरिना महर्जन प्रथम, ईश्वर आधारभूत विद्यालयकी अनिशा परियार द्वितीय र दिव्यज्ञान माविका जष्टिन कार्की तृतीय भए । त्यसैगरी फ्यूचर स्टार स्कुल र विजेश्वर ज्ञान मन्दिर सैनिक विद्यालयका जोवा तामाङ र युनिका भुजेलले सान्त्वना स्थान प्राप्त गरे । यसअघि महोत्सवकै अवसरमा यहाँ २० भन्दा बढी कलाकार सहभागी भएर कला कार्यशाला आयोजना गरिएको थियो । ती कार्यशालामा बनाइएका सम्पदाका कलाहरु अहिले पनि महोत्सवमा प्रदर्शन जारी छ । फागुन १७ गतेसम्म महोत्सव चल्ने छ । रासस

# नेशनल प्याब्सनको आठौं राष्ट्रिय महाधिवेशन वीरगंजमा हुने



*शिक्षा ऐनको माग संघीय शिक्षा ऐनको अभावका कारण निजी विद्यालय सञ्चालनमा विभिन्न कानुनी अन्यौल देखिएको सन्दर्भमा महाधिवेशनले शिक्षा ऐन तथा नियमावली विद्यालय मैत्री बनाउन सुझाव दिनेछ ।*

**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल नेशनल प्याब्सनको आठौं राष्ट्रिय महाधिवेशन यही फाल्गुन १५ र १६ गते वीरगंजको टाउनहलमा हुने भएको छ । नेशनल प्याब्सनको केन्द्रीय समितिको सातौं बैठकले वीरगंजको टाउनहल, आदर्शनगरमा महाधिवेशन आयोजना गर्ने निर्णय गरेको हो । यसअघि, सातौं राष्ट्रिय महाधिवेशन लुम्बिनी प्रदेशको बाँके जिल्लास्थित नेपालगञ्जमा सम्पन्न भएको थियो । निजी विद्यालयहरूको हित संरक्षण, संघीय शिक्षासम्बन्धी ऐन, शैक्षिक सुधार, शिक्षक तथा कर्मचारीहरूको वृत्ति विकास, तालिम तथा सीप विकासका कार्यक्रम सञ्चालनलगायतका विषयमा छलफल गर्न यो महाधिवेशन आयोजना गरिएको हो । शिक्षा ऐनको माग संघीय शिक्षा ऐनको अभावका कारण निजी विद्यालय सञ्चालनमा विभिन्न कानुनी अन्यौल देखिएको सन्दर्भमा महाधिवेशनले शिक्षा ऐन तथा नियमावली विद्यालय मैत्री बनाउन सुझाव दिनेछ । शिक्षक तथा कर्मचारी वृत्ति विकास विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको सीप विकास तथा वृत्ति उन्नतिका लागि योजनाहरू तर्जुमा गरिने छ । शिक्षा प्रणाली सुधार विद्यार्थी सिकाइ सुधार, शैक्षिक जनशक्ति उत्पादन, तालिम तथा व्यावसायिक शिक्षाको स्वीकृति प्राप्त गर्ने विषयमा व्यापक छलफल गरिने छ । सामाजिक सुरक्षा कोष निजी विद्यालयहरू अस्थायी प्रकृतिका भएकाले स्थायी व्ययभार हुने गरी प्रस्ताव गरिएको सामाजिक सुरक्षा कोषका सन्दर्भमा तर्कपूर्ण र व्यावहारिक सुझाव अघि सारिने छ । यस महाधिवेशनमा नेपाल भरीका १ हजार ५ सय निजी विद्यालयका संस्थापक, लगानीकर्ता, शैक्षिक व्यक्तित्वहरू महाधिवेशनमा सहभागी हुनेछन् ।कोरोना महामारीपछि ५०० जति निजी विद्यालयहरू बन्द भैसकेको अवस्था छ भनी पत्रकार सम्मेलन मार्फत जानकारी गरएका थिए ।

# 'अर्थोकोन २०२५' चार दिवसीय कार्यक्रम वीरगंजमा शुरु




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा पहिलो पटक 'अर्थोकोन २०२५' चार दिवसीय कार्यक्रम शुरु भएको छ । नेपाल अर्थोपेडिक संघको आयोजनामा बुधबारबाट शुरु भएको कार्यक्रममा नेपाल भरीका अर्थोपेडिक सर्जरीको अभ्यास गर्ने करिब ५०० जना चिकित्सकहरुको सहभगी रहने बताईएको छ । सो कार्यक्रम अन्तर्गत सूर्य अस्पताल वीरगंजबाट पहिलो दिन प्रि कन्फ्रस वर्कसशपको आयोजना गरिएको छ । चिकित्सकहरुलाई नयाँ नयाँ प्रबिधिमा हुने गरेको शल्यक्रियाको बारेमा जानकारी गराउने उदेश्यले प्रि कन्फ्रस वर्कसशप गरिएको 'अर्थोकोन २०२५' कार्यक्रमका संयोजक डा सरोज सिंहले जानकारी दिए । सूर्य अस्पताल वीरगंजमा भएको बुधबारको प्रि कन्फ्रस वर्कसशपमा नेपाल अर्थोपेडिक संघका महासचिव डा.बिजेन्द्र अधिकारीले प्रशिक्षण दिए । कार्यक्रममा नेपाल अर्थोपेडिक संघका अध्यक्ष प्रो.डा अर्जुन लामिछाने, पूर्व अध्यक्ष वरिष्ठ अर्थोपेडिक डा.रमेश प्रसाद सिंह, अस्पतालका संचालक डा.सरोज सिंहलगायतको सहभागिता रहेको थियो । यसैगरी बिहीबारदेखि तीन दिनसम्म वीरगंजको क्लार्क रिसोर्टमा गोष्ठी आयोजना हुने संयोजक डा.सिंहले जानकारी दिए ।

# टिप्परले हाइसलाई ठक्कर दिँदा दुई जना घाइते

**मधेशदृष्टि**
**सर्लाही ।**
पूर्व–पश्चिम राजमार्गअन्तर्गत सर्लाहीको लालबन्दी नगरपालिका–९, स्थित वन कार्यालयनजिक बुधबार टिप्परले हाइसलाई ठक्कर दिँदा दुई जना घाइते भएका छन् । नवलपुरबाट लालबन्दीतर्फ आउँदैगरेको बागमती प्रदेश ०१–००६ ख ३५९१ नम्वरको हाइसलाई ना ७ ख ३२१७ नम्वरको टिप्परले ठक्कर दिएको प्रहरीले जनाएको छ । टिप्परले ठक्कर दिएपछि हाइसले प्रदेश २ ०२ ००२ प ७८०७ नम्वरको मोटरसाइकललाई ठक्कर दिएको प्रत्यक्षदर्शीले बताएका छन् । हाइस ठोक्किँदा मोटरसाइकलमा सामान्य क्षति पुगे पनि चालक सकुशल रहेको प्रहरीले जनाएको छ । टिप्परले पछाडिबाट ठक्कर दिँदा हाइसमा सवार बागमती नगरपालिका –९, नयाँबस्तीका १९ वर्षीय प्रेमबहादुर रुम्बाको टाउको र दाहिने हातमा चोट लागेको प्रहरीले जनाएको छ । घाइते रुम्बालाई मोडेल अस्पताल लालबन्दीमा सामान्य उपचारपछि सिटी स्क्यानका लागि बुधबार दिउँसो काठमाडौं रेफर गरिएको प्रहरीले जनाएको छ । दुर्घटनामा घाइते बरहथवा नगरपालिका निवासी दीपक गाहाका छोरी अन्दाजी ३ वर्षीया दृष्णा गाहाको टाउकोमा चोट लागेर सामान्य घाइते हुनुभएको थियो । उहाँको डिस्चार्ज भइसकेको प्रहरीले जनाएको छ । टिप्परले ठक्कर दिँदा हाइसको पछाडिपट्टीको भागमा क्षति पुगेको छ ।

## सम्पादकीय

# कार्यकारी पदका उम्मेदवारको सम्पत्ति विवरण बहस

*नेपाली कांग्रेसका युवा नेताहरूले पार्टीको कार्यकारी पदमा उम्मेदवार दिन सम्पत्ति विवरण बुझाउनपर्ने व्यवस्था विधानमै हुनुपर्ने माग गरेर राजनीतिमा केही भरोसा जगाएका छन् । नयाँ तरंग ल्याएका छन् । कांग्रेसको विद्यार्थी र युवा दस्ता नेपाल विद्यार्थी सङ्घले काठमाडौँमा गरेको अन्तरक्रियामा पार्टीको महाधिवेशन नजिकिँदै गर्दा युवा नेताहरूले जुनसुकै तह र क्षेत्रमा उम्मेदवारी दिन कार्य योजना प्रस्तुत गर्ने बाध्यकारी व्यवस्था पनि मागेर नेतृत्व अब प्रतिस्पर्धी, बिकाउ र लोकप्रिय त अब्बल हुनु पर्ने संकेत गरे । चालीस वर्षभित्रका युवालाई ३० प्रतिशत प्रतिनिधित्व सुनिश्चितता हुनुपर्ने र युवासँगै विज्ञका निम्ति १० प्रतिशतसम्मको प्रतिनिधित्वको सुनिश्चितता पनि अब कांग्रेसले विधानमै व्यवस्था गर्नु पर्ने उनीहरुको एजेन्डा थियो । जसले नयाँ धारका नाममा राजनीति गर्नेहरुतिर कांग्रेसको जनमत आकर्षण रोक्न सकिने पनि संकेत गरेको थियो । अहिले कांग्रेसमा यो परिवर्तन जरुरी छ भनेर भ्रातृसंगठनले नै अन्तरक्रिया गरेर कांग्रेसलाई बेलैमा विधानमै व्यवस्था गर्न सुझाएको हो।*

*कांग्रेस सहमहामन्त्री किशोरसिंह राठौरले पार्टीमा शुद्धीकरण आवश्यक रहेको बताउँदै नेता कार्यकर्ताले नैतिक मूल्य मान्यताअनुसार नचल्दा समस्या भएको दाबी गरे । संविधानसभा सदस्य एवम् कांग्रेसका नेता रञ्जीत कर्णले आरक्षणमा नदोहोरिने व्यवस्था मिलाउन आग्रह गरे । अर्थात् कांग्रेस के कारण समस्यामा परिरहेको छ, जनमत घटिरहेको छ र पहिलो पार्टी बनिरहनका लागि के सुधार जरुरी छ भनेर कांग्रेसकै युवाविद्यार्थीले कांग्रेसलाई सचेत गराइरहेको थियो । अन्तरक्रियामा वडा तहदेखि संसद्सम्मको उम्मेदवार प्रस्तुत गर्न कार्यकालको कार्ययोजना अनिवार्य वैधानिक व्यवस्था गर्ने समानुपातिक निर्वाचन प्रणाली हटाई संसद् संख्या कम गर्ने र उम्मेदवारीमा समावेशीलाई पूर्ण रूपमा लागू गर्नेगरी व्यवस्था मिलाउन संविधान संशोधनमा पहल गर्ने प्रतिबद्धतासमेत व्यक्त गरिएको छ । यसलाई कांग्रेसप्रति जनतामा बढेको अविश्वासको खाडल पूरा गर्ने विश्वास गरिएको छ । यो राम्रो कामलाई कांग्रेसले आत्मसात् गर्ने हो भने पक्कै नेपाली कांग्रेसले खस्किन लागेको बजार फेरि कब्जा गर्नसक्ने युवा विद्यार्थीमा विश्वास देखिन्छ।*

*युवा विद्यार्थीले कांग्रेसको नीतिः उद्यमशीलतासहित राजनीति अभियान सञ्चालन गरिने योजना पनि अघि सारेका छन् । कांग्रेसले राष्ट्रिय राजनीतिमा निर्णायक भूमिका निर्वाह गर्नसके मात्र राष्ट्रिय समृद्धिको नेतृत्व पनि लिनसक्ने भरोसा र दाबी युवा विद्यार्थीमा देखिन्छ । यसले अझै पनि मुलुकको पहिलो र पुरानो राजनीतिक शक्ति नेपाली कांग्रेसलाई सुधार गर्न सके नयाँ शक्तिहरुको उदय असम्भव र उदय भए पनि तिनले कांग्रेसलाई क्षति नपुर्‍याउने दाबी युवा विद्यार्थीमा देखिन्छ । अब कांग्रेसलाई कांग्रेसकै नयाँ पुस्ताले दिएको सुझाव अमृत हुन्छ कि विष ? यो उसको आन्तरिक विषय हो । तर उसले युवा विद्यार्थीको सुझावलाई आत्मसात् गर्ने हो भने पक्कै पनि नेपाली कांग्रेसका लागि यो हितकर विषय नै हो । पार्टी महाधिवेशन नजिकिइरहेका बेला युवा विद्यार्थीको सुझावलाई विधानमै व्यवस्था गर्न गरिएको आग्रह कांग्रेसको राजनीतिका लागि रामवाण पनि सावित हुनसक्छ।*

# मोटोपन र मुटुरोगको अन्तर्सम्बन्ध



डा.अवनिभूषण उपाध्याय

केही वर्षअघिसम्म मोटो व्यक्तिलाई स्वस्थ एवम् खाइलाग्दो व्यक्तिको रूपमा हेरिन्थ्यो भने दुब्लो, पातलोलाई रोगीको रूपमा हेर्ने गरिन्थ्यो । तर विस्तारै यस्तो सामाजिक सोचमा परिवर्तन आएको छ । अहिले अधिकांश मानिस आफूलाई स्वस्थ राख्न मोटो हुनबाट निकै सचेत रहेको पाइन्छ । मोटोपनबाट हुनसक्ने स्वास्थ्य जोखिमका बारेमा जानकारी राख्नेहरूको सङ्ख्या बढ्दैछ । मोटोपनलाई रोगको घरको रूपमा लिन थालिएको छ । यद्यपि, कतिपय मानिसहरू चाहेर वा नचाहेर पनि मोटोपनको सिकार बनेका छन् । मोटोपन भएकालाई जुन कारण र जति धेरै स्वास्थ्य जोखिम छ दुब्लो पातलोलाई त्यस्तो हुन्न । दुब्लो भएर पनि धुमपान गर्ने, चिनीयुक्त खानेकुरा खाने, सन्तुलित भोजन नगर्ने, तनावग्रस्त रहने व्यक्तिलाई मुटुरोगको उच्च जोखिम हुने गर्दछ।

मोटोपन यस्तो अवस्था हो, जसले गर्दा शरीरमा धेरै किसिमका रोग उत्पन्न भई मानिसको मृत्युसम्म हुने गर्दछ । त्यसमध्ये मटुरोग पनि एउटा हो । मुटुरोगमा हृदयघात, हार्ट फेलियर, अपर्झट मृत्यु हुने, एन्जाइना, मुटुको चालको गडबडी आदि समस्या हुने पर्दछ । शरीरको तौल अर्थात् बिएमआई २५ भन्दा बढी भएकाहरूमा मोटोपनको समस्या ज्यादा हुने गर्दछ । शरीरको वजन ठिक्क भएका भन्दा वजन बढी भएका मानिसमा उच्च रक्तचाप दोब्बर हुने गर्दछ । मोटोपनले नराम्रो करोस्टरोल बढाउने मात्र होइन, राम्रो कलेस्टेरोललाई पनि घटाउँछ । शरीरमा कोलेस्ट्रोल मात्रा बढ्न गएमा रगतको नसामा जम्मा हुन्छ र नसा साँघुरो बनाइदिन्छ । यसले मुटुलाई पम्प गर्न गाह्रो हुन्छ । त्यसैले मोटोपन र मुटुरोगबिच सिधा सम्बन्ध रहेको छ।

मोटोपनलाई विश्वमा दीर्घरोगको रूपमा हेर्न थालिएको छ । हाल युरोप, अमेरिकामा स्वास्थ्यका समस्याहरूमध्ये मुख्य समस्याको रूपमा मोटोपनलाई मानिएको छ । मानिसमा चेतना बढ्दै गए पनि जीवनशैली बिग्रिँदै गएका कारण ती देशहरूमा पनि यो समस्या धेरै मानिसलाई देखिएको छ । असन्तुलित खानपान, अत्यधिक खानपान, अनियन्त्रित खानपान नै मोटोपनको एउटा मूल कारण हो । त्यसमध्ये पनि कतिपयमा वंशाणुगत कारण वा कुनै रोगको कारण पनि मोटोपन हुने गर्दछ । विश्वमा सामान्यतया १५ प्रतिशत महिलामा मोटोपन देखिएको छभने ११ प्रतिशत पुरुषमा मोटोपन छ । तीन जनामा एक जना पुरूषमा मोटोपनको समस्या छभने महिलामा चार जनामा एक जनामा वजन ज्यादा देखिएको छ।

नेपालमा पनि मोटोपन एक स्वास्थ्य समस्याको रूपमा देखिएको छ । सन् २०१३ मा नेपालको कुल जनसङ्ख्याको २१ प्रतिशतमा मोटोपन पाइएको थियो भने सन् २०१९ मा २९ प्रतिशतमा यो समस्या पाइएको थियो । तैपनि नेपाल मोटोपन कम नै भएको देशको सूचीमा पर्दछ । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले गरेको अध्ययनअनुसार नेपालमा ३५ प्रतिशत महिला, छ प्रतिशत किशोरकिशोरी र तीन प्रतिशत पाँच वर्षमुनिका बालबालिकामा मोटोपन पाइन्छ । अरू प्रदेशमा भन्दा बागमती प्रदेशमा मोटोपनको समस्या धेरै भएको सो अध्ययनले देखाएको छ।

मोटो व्यक्तिमा जोखिम कस्तो छ त ?

वार्षिक रूपमा विश्वमा समयअगावै अर्थात् औसत उमेरभन्दा कम उमेरमा हुने मृत्युको सङ्या करिब तीन लाख रहेको छ । विश्वमा मोटोपनको समस्याले वार्षिक तीन लाख मानिसको मृत्यु भइरहेको छ । मृत्युको कारणमध्ये मोटोपनलाई प्रमुख जोखिम तत्व मानिन्छ । डब्लुएचओले गरेको अध्ययनमा उच्च रक्तचाप, सुर्तीजन्य वस्तुको सेवन र खानपिनका कारण हुने मृत्युपछि चौथो नम्बरको कारणमा मोटोपनलाई देखाएको छ । जति शरीरको वजन बढ्यो उति मानिसको मृत्यु बढ्ने गर्छ । बीएमआई ३० भन्दामाथि भएका मोटा मानिसहरूमा ५० प्रतिशतदेखि शतप्रतिशतसम्म अकाल मृत्यु हुने खतरा हुन्छ । सामान्य बिएमआई हुनेको भन्दा बिएमआई ३० भन्दा बढी हुनेको मृत्यु अकालमा हुने खतरा धेरै नै हुन्छ । त्यसकारण मोटोपन आफैँ पनि मानिसको मृत्युको कारक तत्व हो । मोटोपन अलिअलि हुँदा पनि मानिसको मृत्युको सङ्ख्या बढी देखिन्छ।

एक अध्ययनअनुसार मानिसको तौल हुनुपर्ने आवश्यक तौलभन्दा पाँच केजीमात्र बढी हुँदा पनि ३० देखि ६४ वर्षका मानिसको मृत्यु बढी भएको पाइएको छ । उनीहरूलाई हृदयघात बढी भएको पाइएको छ । शरीरको तौल बढी अर्थात् बिएमआई २५ भन्दा बढी भएमा हुने मुटुका रोगहरूमा हृदयघात, हार्ट फेलियर, एन्जाइना, मुटुको चाल गडबडी हुने, मुटुमा भएका अन्य समस्याका कारण हुने आकस्मिक मृत्यु आदि हुने गरेको पाइएको छ । शरीरको तौल करिब पाँच केजी जति बढी हुँदा पनि शरीरको तौल ठिक्क भएकाहरूलाई भन्दा तौल बढी भएकालाई उच्च रक्तचाप र मधुमेह करिब दोब्बर हुने गरेको पाइएको छ । मधुमेह भएकाहरूमध्ये करिब ८० प्रतिशतको शरीरको तौल बढी भएको पाइन्छ । साथै, शरीरको तौल बढी भएकाहरूमा राम्रो कलेस्टेरोल कम हुने र खराब कलेस्टेरोल बढी हुने गरेको पाइएको छ।

यसैगरी, मोटोपनले ल्याउने अर्को समस्यामा क्यान्सर पनि हो । मोटा मानिसमा स्तन क्यान्सर, पाठेघरको क्यान्सर, ठुलो आन्द्राको क्यान्सर, पित्तथैलीको क्यान्सर, मिर्गौलाको क्यान्सर, प्रोस्टेट क्यान्सर बढी हुने गरेको पाइन्छ । शरीरको तौल बढी भएका महिलामा ठिक्क वजन भएकाहरूमा भन्दा स्तन क्यान्सर दुई गुणा बढी भएको पाइएको छ । मोटो व्यक्तिमा श्वासप्रश्वाससम्बन्धी समस्या बढी नै हुने गर्दछ । सुत्ने बेलामा हुने श्वासप्रश्वाससम्बन्धी समस्या वा घुर्ने समस्या पनि शरीरको तौल बढी हुनेहरूमा धेरै भएको पाइन्छ । यस्तो समस्या हुँदा सुतेको बेला छिनछिनमा श्वास रोकिने अवस्था आउँछ, जसले मुटुमा प्रत्यक्ष असर गर्छ । साथै, मोटा मानिसमा घुर्ने समस्या पनि धेरै आउँछ।

शरीरको तौल करिब एक किलोग्राम बढ्दा नौदेखि १३ प्रतिशतसम्मलाई जोर्नी दुख्ने समस्या बढ्ने गरेको पाइएको छ । साथै तौल घट्नासाथ जोनीको दुखाइ घट्ने गरेको पाइन्छ । मोटा महिलालाई गर्भाधान भएको बेला धेरै समस्या हुन्छ । गर्भावस्थामा मोटोपन भएको कारण आमा र बच्चाको मृत्युदर बढ्छ । मोटोपनको कारणले गर्भावस्थामा हुने डायबिटिज पनि बढी हुन्छ । वजन धेरै भएका आमाहरूबाट जन्मजातात रूपमा रोग भएका बच्चाहरू धेरै जन्मिन्छन् । अन्य समस्याहरूमा पित्तथैलीको रोग, पिसाब चुहिने रोग, शल्यक्रिया गर्दा जोखिम हुने, डिप्रेसन धेरै हुने हुन्छ । बालबच्चाहरूमा मोटोपन भएमा पछि गएर मुटुरोग धेरै हुने, मधुमेह हुने, पछिसम्म पनि मोटो भइराख्ने समस्या हुन्छ।

कसरी बच्ने त ?

मोटोपन मुटु रोगको एउटा मुख्य कारण हो । त्यसैले मोटोपनलाई नियन्त्रण गर्न सकियो भने मुटु रोगको जोखिमबाट बच्न सकिन्छ । साथै मधुमेह, उच्च रक्तचाप र कोलेस्ट्रोल पनि मुटु रोग निम्त्याउने भएकाले त्यसलाई नियन्त्रणमा राख्नुपर्छ । मुटुरोगको जोखिमबाट बच्न मोटोपन नियन्त्रणसँगै जीवनशैली परिवर्तन र खानपान परिवर्तन गर्नुपर्छ । दैनिक व्यायाम गर्ने, तनाव कम गर्ने गर्नुपर्छ । अल्छी जीवन, बसिरहनुपर्ने, ज्यादा खाना खानुपर्ने, गुलिया चिल्लो, नुन धेरै खाने, फलफूल, सागपात नखाने वा थोरै मात्र खाने, व्यायाम नगर्ने, रक्सी चुरोट पिउने, टेलिभिजन, कम्प्युटर मोबाइलमा धेरै समय बिताउने आदि खराब जीवनशैली हुन् । ठीक समयमा सुत्ने र ठीक समयमा उठ्ने अर्थात् सधैँ एउटै समयमा सुत्ने, उठ्ने गर्नुपर्छ । तनावबाट आफूलाई बचाउनुपर्छ।

मोटोपनबाट आफूलाई बचाउन सन्तुलित खाना (प्रोटिन, कार्बोहाइड्रेट र चिल्लोको सन्तुलन भएको) खाने गर्नुपर्छ । कार्बोहाइड्रेट घटाउने र प्रोटिन बढाउने गर्नुपर्छ । गुलियो मिठाई, केक, आइसक्रिम आदि खानु हुँदैन । दैनिक व्यायाम एवं योग गर्ने, फलफूल र सागपात प्रशस्त खाने, सकेसम्म हिँड्ने र यातायातको साधन कम प्रयोग गर्ने, सकेसम्म लिफ्टको प्रयोग नगरी भर्‍याङमा हिँड्ने गर्नुपर्छ । साँझको खाना सकेसम्म घाम अस्ताउनेबित्तिकै खानुपर्छ । दिनभरिमा ३–४ पल्टभन्दा बढी केही पनि खानु हुँदैन । नियमित रूपले एउटै समयमा खाना खाने, एकैपटकमा धेरै खाना नखाने, भोक धेरै लागेको बेला कम क्यालोरी दिने खानेकुराहरू जस्तै गाँजर, काँक्रो, कागतीको सर्बतलगायत फलफूल र जुस सेवन गर्दा फाइदा हुन्छ । तसर्थ, मुटुरोग निम्त्याउन सक्ने यस्ता कुराहरूमा ध्यान दिन सकियो भने मुटुरोगको जोखिमबाट बच्न सकिन्छ । रासस

# सेना दिवस नेपालको गौरवपूर्ण अतीतः नेपाली सेना



–प्रा. डा.तीर्थप्रसाद मिश्र

नेपाल विविध विशेषतायुक्त गौरवमय गाथा भएको र आफ्नै विशेष पहिचान कायम गरेको एक प्राचीन मुलुक हो । यो मुलुकको गौरवमय छवि, स्वाभिमान र स्वतन्त्र अस्तित्व अक्षुण राख्न इतिहासको विभिन्न कालखण्डमा धेरै व्यक्ति र संस्थाहरूले महत्त्वपूर्ण योगदान दिएका छन्।

राजा र प्रजाबीचको सम्बन्ध तथा बहुजाति र बहुधर्मजस्ता विविधताका बीचमा पनि अपेक्षित सहकार्य कायम राख्न सेना सेतुको भूमिकामा थियो । जनता र सेनाको आपसमा सुमधुर सम्बन्धको इतिहास अन्य मुलुकमा वीरलै पाइन्छ।

जनता र सेनाबीच समुचित समन्वय हुँदा मुलुक सबल र सक्षम भएको देखिन्छ । जनता र सेनाको सहकार्यबाट नै विभिन्न कालखण्डमा विभिन्न राजवंश स्थापित हुन पुगेका छन् भने कार्यगत एकता नहुँदा मुलुक नै विखण्डन भएका दृष्टान्त पनि पाइन्छन् । नेपालको इतिहास हेर्ने हो भने सैनिक र निजामती प्रशासनमा विगतमा तात्विक फरक थिएन।

सैनिक अधिकारी नै कार्यपालिका र न्यायपालिकामा स्थानीय प्रशासनका प्रमुख रहन्थे । यिनै सैनिक अधिकारी केन्द्रद्वारा नियुक्त भई मोफसलमा जान्थे । केन्द्रको शक्ति कमजोर हुँदा यिनै अधिकारीहरूले स्वतन्त्र राज्य खडा गर्दा मध्यकालमा नेपाल विभिन्न ससाना राज्यहरूमा विभक्त हुन पुग्यो । सैन्य बल र जनताको आपसी मेलकै कारण खसिया साम्राज्य त्यति शक्तिशाली हुन पुगे । र जनइच्छा बुझ्न नसक्दा बाइसी चौबिसी राज्यहरू सिर्जना हुन गए । सेना र जनताले साथ नदिँदा उपत्यकाको वैभवशाली तीन राज्यहरू विलय हुन पुगे।

गोरखाजस्तो सानो राज्यले विजय अभियान सञ्चालन गरी कालान्तरमा नव नेपाल निर्माण हुन गयो । त्यस क्रममा सेना र जनताले पृथ्वीनारायण शाहलाई उल्लेख्य सहयोग गरेका थिए । एकीकरण अभियानका लागि आवश्यक हातहतियार खरिद गर्न घरघरबाट गोरखालीहरूले आफ्नो गच्छेअनुसार आर्थिक सहयोग गरेका थिए।

युद्धको मैदानमा खटिनका लागि गन्धर्व (गाइने), पण्डित तथा गाउँका मुखियाजस्ता तत्कालीन समाजमा हैसियत भएकाहरूले सेनालाई साथ दिएका थिए । सोही कारण बृहत् नेपाल निर्माण हुन पुग्यो । महाकाली पश्चिमका जनताले सेनालाई साथ नदिँनु नै अङ्ग्रेजसँग नेपालले घुँडा टेक्नुपर्नाको एउटा प्रमुख कारण बन्न गयो।

नेपाल–अङ्ग्रेज युद्धमा कतिपय अवस्थामा महिलाहरूसमेत युद्धका मैदानमा खटिएका थिए । नेपाल–भोट युद्ध सन् १७८८ देखि १७९१ मा स्थानीय जनताको सक्रिय सहभागिता थियो । राष्ट्रिय स्वार्थलाई ध्यान दिँदै शासकहरूले लिएको रणनीतिमा उनीहरू सामेल भए । नेपाल भोट युद्धमा कतिपय भारदारहरू बहादुर शाहका पक्षमा थिएनन् र नेपाल अङ्ग्रेज युद्धताका पनि भीमसेन थापाको नीतिसँग विमति राख्ने भारदारको जमात ठूलै थियो तर युद्धको घोषणा भइसकेपश्चात् उनीहरूले तन, मन र धनले राज्यनीतिमा सहयोग गरे । राष्ट्रिय स्वार्थमा एकताबद्ध हुने नेपालको गौरवमय परिपाटीलाई अनुशरण गर्न नसकेको आभास वर्तमान सन्दर्भमा विकसित राजनीतिले हुन थालेको छ । यो शुभ सङ्केत होइन।

पृथ्वीनारायण शाहको मृत्युपछि नेपालमा राजनीतिक स्थिरता कायम हुन सकेन र षड्यन्त्रकारी राजनीतिले प्रश्रय पायो । तत्कालीन शासकहरूको स्वार्थ र उनीहरूको दीर्घकालीन दृष्टिको अभावले अङ्ग्रेजसँग सन् १७९२ को व्यापारिक सन्धि र सन् १८०१ को मैत्री सन्धि हुन पुगेका थिए । यी दुवै सन्धि नेपालको राष्ट्रिय हितविपरीत थिए, जसको कारणले पनि नेपाल अङ्ग्रेज युद्ध हुन गयो।

नेपाली सेनाले कुनै गुटउपगुटमा नलागी शासक जो वा राजा भए उनीहरूकै आज्ञा पालन गर्दै गयो । यो नै सेनाको धर्म थियो । प्रतापसिंह शाह तथा बहादुर शाह, बहादुर शाह तथा राजेन्द्रलक्ष्मी र बहादुर शाह तथा रणबहादुर शाहबीचको सङ्घर्ष एवं विवादमा सेनाले शासककै आज्ञा पालन गरेको छ । यदि सेनाले पनि गुटगत राजनीतिमा लागेको भए यो देशको अस्तित्व रहने थियो वा थिएन ? सोको हेक्का सबैले राख्नै पर्दछ।

नेपालले प्राथमिक कालदेखि सन् १९२८ सम्म भोटसँग धेरै पटक युद्धमा होमिनुपरेको तथ्य भेटिन्छ । जङ्गबहादुरको समयमा भएको युद्धमा नेपालले सानदार सफलता पाई सन् १८५६ को थापाथली सन्धि भयो । यस सन्धिमा नेपालले धेरै एकातर्फी सुविधा प्राप्त गरेको थियो । यसैगरी सन् १८८३–८४ मा नेपालका व्यापारी रत्नमान र भोटकी महिलाबीचको सानो झगडाले उग्ररूप लिई युद्ध नै हुने स्थिति देखापर्‍यो।

यसैगरी भोट चीन सङ्घर्ष (१९०८–१२)मा भोटमा रहेका नेपालीहरूको रक्षाका लागि नेपालले सेना पठाउने व्यापक तयारी गरेको थियो । सन् १९२८ मा एकजना रैतीको मामलामा भोटसँग युद्ध हुने स्थिति नै देखापरेको थियो । यी सबै सङ्गीन घटनामा नेपाली पक्षले बाटोघाटो मर्मतसम्भार गरेर, खाद्यान्न सहयोग गरेर, घोडा खच्चड, चौँरीजस्ता भारी बोक्ने जनावर सहयोग गरेर युद्धमा सगाएका थुप्रै उदाहरण छन्।

सन् १९२८ को घटनामा त थाकखोलाका हितमान शेरचनले मुस्ताङ क्षेत्रबाट भोट प्रदेश प्रवेश गर्ने फौजका लागि जति रासन आवश्यक पर्छ त्यो उपलब्ध गराउने वचन दिएका थिए । हो कतिपय स्थानमा स्थानीय प्रशासकहरूले सही कार्य गरेका थिएनन् र सो खुल्नेबित्तिकै दण्डित पनि भए । राष्ट्रलाई सङ्कट परेको बेलामा आआफ्नो समस्यालाई थाती राखी सरकारलाई उदार दिलले सहयोग गरेका उदाहरण नेपालको इतिहासकै विशिष्ट पक्ष हो।

नेपाली सेनाले छिमेकी मुलुकलाई सहयोग गरी धेरै ठूलो गुन लगाएका घटना पनि छन् । लिच्छवीकालीन राजा नरेन्द्रदेवले चिनियाँ बादसाहका दूतलाई उत्तर भारतमा अपमान गरेको घटनामा नेपाली फौज पठाई सम्बन्धितलाई दण्डित गरिएको थियो । चीनको अफिम युद्ध र ताइपिङ विद्रोहमा पनि नेपालले सेना पठाउने वचन दिएको थियो तर ती अनुरोध स्वीकार भएनन्।

सन् १८५७ को सिपाही विद्रोह र १९४८ को हैदरावादको आन्दोलन दबाउन नेपाली सेनाले सार्थक भूमिका निर्वाह गरेको थियो । प्रथम र दोस्रो विश्वयुद्धमा त नेपालीको वीरता र सुरताको परिचय विश्वले नै पायो । उल्लिखित घटनापश्चात् विश्वका ठूला राष्ट्रहरूले नेपालीलाई आफ्नो सेनामा भर्ती गर्न उत्कट चाहना देखाए । नेपाल सन् १९५५ मा संयुक्त राष्ट्र सङ्घको सदस्य भएपछि विश्व शान्ति स्थापनार्थ नेपालीले अहम् भूमिका निर्वाह गरेको छ । हालसम्म ४३ भन्दा बढी शान्ति स्थापना गर्ने मिसनमा नेपाली सेनाले आफ्नो विशेष उपस्थिति जनाएको छ।

नेपाली सेना प्रमुखहरूले अन्तर्राष्ट्रिय विवादहरूमा मध्यस्थता गरी विवाद अन्त्य गराएका घटनाहरू पनि छन् । सन् १८५६ को थापाथली सन्धिले भोटमा नेपाली आवासीय दूत (जसलाई वकिल भनिन्थ्यो) राख्न पाउने एकतर्फी अधिकार प्राप्त गरेको थियो । यसपछि यसमा नियुक्त भएका २० जनामध्ये दुईजनाबाहेक सबै सैनिक अधिकारीहरू नै थिए।

सन् १९०३–०४ को अङ्ग्रेज भोट विवादलाई मध्यस्थता गरी १९०४ को ल्हासा सम्झौता गराउन नेपाली वकिल कप्तान जितबहादुर खत्रीको कौशल प्रशंसनीय रहेको छ । उनको कूटनीतिक सुझबुझको अङ्ग्रेज अधिकारीहरूले समेत सराहना गरेका थिए र सम्मानजनक पदकसमेत प्रदान गरेका थिए । राणा शासकका खलकबाहेक जनताबाट पदक पाउने पहिलो कप्तान उनै भए।

यसैगरी भोट–चीन सङ्घर्षको दौरानमा नेपाली वकिल कप्तान लालबहादुर बस्नेतले आफ्नो कुशल कूटनीतिक परिचय दिन सफल भए । यही सङ्घर्ष भएकै बखत चीनमा सन् १९११ को क्रान्ति भई गणतन्त्र स्थापना भयो । भोटमा फौज चिनियाँ बादसाहको आदेश लिएर आएका थिए । यसकारण गणतन्त्र भएपछि ती चिनियाँहरूको जीउधनको सुरक्षा गरी सुरक्षित तबरले भोटको सीमापार गराउन नेपाली सैनिक अधिकारीहरूले भगीरथ प्रयत्न गरे । नेपाली वकिल र उनका सहयोगीका कारण सङ्घर्ष मात्र अन्त्य भएन चिनियाँ फौजले सुरक्षित भई भोट सरहद छाड्न सके।

राणाकालको अन्त्यतिर आएर निजामती र सैनिक प्रशासन पृथक भएपछि स्थानीय प्रशासनका हाकिम सैनिक अधिकारी नहुने व्यवस्था भयो । नेपाली सेनाले राष्ट्रको सुरक्षाबाहेक मुलुकलाई अन्य महत्त्वपूर्ण सेवा प्रदान गर्दै आएको छ । मुलुकलाई गम्भीर सङ्कट परेको बेलामा नेपाली सेनाले तदारुकता साथ कार्यसम्पादन गरेका अनेक उदाहरण छन्।

भूकम्प, आगलागी, बाढीपहिरोजस्ता दैवीप्रकोपको समयमा सेनाले आफ्नो सशक्त उपस्थिति देखाई सङ्कटमोचन गर्न सहयोगी भएको छ । नेपालका दुर्गम स्थानमा बाटो बनाउने काममा त नेपाली सेना सदैव अगाडि छ । नेपालका पहाडी मार्गमा मोटर बाटो बनाई यातायात सञ्चालन गर्न सेनाले खेलेको भूमिका त जगजाहेर नै छ।

काठमाडौँ–तराई जोड्ने द्रुतमार्ग पनि सेनाकै तैनाथीमा निर्माण भइरहेको छ । कोरोना महामारीमा सेनाले पुर्‍याएको योगदान र चीनबाट भ्याक्सिन ल्याउने कार्यमा देखाएको तत्परता दुवै प्रशंसनीय छन् । नेपाली सेना एक यस्तो आरक्षित शक्ति हो जसका कारण सङ्कटका बेलामा अनेक उल्झनबाट पार पाउन मुलुकलाई सहज भएको छ।

नेपाली सेनाको आफ्नै संस्कृति, परम्परा र धर्म छ । यसैकारण सेनालाई राजनीतिबाट सदैव पृथक राखी स्वतन्त्र रूपमा कार्य गर्न दिनुपर्छ । यसको मतलब सेनालाई सबै छुट दिने भन्ने कुरा किमार्थ होइन । स्थापित विधि, मान्यता र सेनाको धर्ममा खलल हुने कार्य गर्न हुँदैन । २०४६ सालपश्चात् यदाकदा सेनालाई राजनीतिमा तान्ने गतिविधि नभएका पनि होइनन् तर यस्ता कार्यबाट मुलुकले हानि सिवाय केही हुँदैन।

नेपालको सार्वभौमसत्ता, राष्ट्रिय अस्मिता र मुलुकको भलाइका लागि वीरगति प्राप्त गरेका सम्पूर्ण वीर नेपाली सेनाको सपनालाई साकार तुल्याउन पनि सेनालाई राष्ट्रिय शक्तिको रुपमा राख्नुपर्छ । नेपालको इतिहासका विभिन्न कालखण्डमा नेपाली सेनाले पुर्‍याएको योगदान स्मरण गर्नु नै आजको दिनको मूल सन्देश हो । वीर नेपाली सेनालाई सलाम ! रासस

# राष्ट्रपतिद्वारा पशुपतिनाथमा पूजाआराधना एवं दर्शन

**काठमाडौँ ।**
महाशिवरात्रिका अवसरमा राष्ट्रपति रामचन्द्र पौडेल र उपराष्ट्रपति रामसहायप्रसाद यादवले पशुपतिनाथ मन्दिरमा पूजाआराधना एवं दर्शन गरेका छन् ।

महाशिवरात्रिका अवसरमा राष्ट्राध्यक्षले पशुपतिनाथ मन्दिरमा पूजाआराधना एवं दर्शन गर्ने प्राचीनकालदेखिको परम्परा रही आएको छ । राष्ट्रपति पौडेल र उपराष्ट्रपति यादव पशुपतिनाथ मन्दिर आउनुहुँदा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे, पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा मिलनकुमार थापालगायत कोषका पदाधिकारी, कर्मचारी, महाशिवरात्रि मूल समारोह समितिका सदस्य, स्थानीय तहका जनप्रतिनिधि, भक्तजनलगायतले स्वागत गरेका थिए ।

पशुपतिनाथ मूल मन्दिरभित्र दर्शन विधिअनुसार परिक्रमा गरी राष्ट्रपति पौडेलले मन्दिरमा पूजाआराधना र दर्शन गरेका थिए ।

राष्ट्रपति पौडेललाई पशुपतिनाथका मूल अर्चक गणेश भट्टले फूल, प्रसाद लगाइदिएका थिए । उनका साथमा प्रथम महिला सविता पौडेल पनि थिइन् । रासस

# परराष्ट्रमन्त्रीद्वारा स्पेन र स्लोभाकियाका विदेशमन्त्रीसँग भेटवार्ता

**काठमाडौँ .**
परराष्ट्रमन्त्री डा.आरजु राणा देउवा र स्पेनका विदेशमन्त्री जोसे म्यानुअल अलबारेस् बुएनोबीच जेनेभामा द्विपक्षीय भेटवार्ता भएको छ । संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्को ५८ औँ उच्चस्तरीय सत्रमा सहभागिताका लागि जेनेभामा रहेकी उनीहरूबीच बुधबार साइडलाइन भेटवार्ता भएको हो ।




भेटमा मन्त्री डा. देउवाले युरोपियन युनियनका समेत विदेश तथा सहयोगमन्त्रीका रूपमा रहेका म्यानुअलसँग युरोपियन युनियनको एक महत्वपूर्ण सदस्यका रूपमा रहेर स्पेनले नेपालको आर्थिक सामाजिक विकासमा गरेको सहयोगको सराहना गरेकी थिइन् ।

सो भेटमा मन्त्री डा.देउवाले नेपाललाई कोभिड–१९ तथा भूकम्पजस्ता अप्ठेरो समयमा पनि स्पेनले पुऱ्याएको सहायताका लाग धन्यवाद ज्ञापन गरिन् ।

नेपाल सन् २०२६ मा विकासोन्मुख राष्ट्रका रूपमा स्तरोन्नति हुने चरणमा रहेकाले आवश्यक सहयोगसहित दिगो विकास लक्ष्य हासिल गर्नका लागि नेपाललाई पर्नसक्ने आवश्यक सहयोगका लागि स्पेनलाई आग्रह पनि गरिन्।

मन्त्री डा.देउवाले जलवायु परिवर्तनले नेपाललाई परेको असरबारे नेपालले आन्तर्राष्ट्रि मञ्चमा न्यायका लागि वकालत गरिरहेकाले त्यसमा स्पेनको पनि सहयोगका लागि अपिल गरिन् ।

मन्त्री डा.देउवाले नेपाल संयुक्त राष्ट्रसङ्घको सन् २०२७ देखि २०२९ सम्मका लागि मानवअधिकार परिषदको सदस्यमा उम्मेदवारी घोषणा गरिसकेको र २०२९ देखि २०३१ सम्मका लागि आर्थिक तथा सामाजिक परिषद् एवं सन् २०३७ देखि २०३८ का लागि सुरक्षा परिषद्को अस्थायी सदस्यमा उम्मेदवारी दिने भएकाले त्यसमा सहयोगका लागि स्पेन सरकारलाई पनि आग्रह गरिन् ।

साथै उनले जलवायु परिवर्तन, हिमाल र मानवताको भविष्यको विषयलाई मुख्य थिम बनाएर आगामी मे महिनामा नेपालले सगरमाथा संवाद कार्यक्रमको आयोजना गरेकाले त्यसमा सहभागिताका लागि स्पेनलाई पनि आमन्त्रण गयो। त्यस अवसरमा मन्त्री डा. देउवाले नेपालमा राजदूतावास स्थापना गर्न स्पेनलाई आग्रह पनि गरिन् ।

त्यसैगरी मन्त्री डा. देउवाले बुधबारै स्लोभाकियाका विदेशमन्त्री जुरज ब्लानरसँग पनि द्विपक्षीय भेटवार्ता गरेकी थिइन् । त्यस क्रममा उनले नेपाल स्लोभाकियाबीचको आपसी सम्बन्धका साथै नेपालले संयुक्त राष्ट्रसङ्घमा दिएका उम्मेदवारी र जलवायु परिवर्तनको असरका क्षेत्रमा नेपालले उठाउँदै आएका विषयवस्तुबारे पनि कुराकानी गरेकी थिइन् ।

त्यसैगरी बुधबारै मन्त्री डा.देउवासँग मेक्सिकोका अन्तर्राष्ट्रिय सम्बन्ध तथा मानवअधिकारसम्बन्धी उपमन्त्री एनरिक जेभियर ओच मर्टिनाजले पनि शिष्टाचार भेट गरेका थिए । त्यस अवसरमा उनीहरूबीच नेपाम मेक्सिको सम्बन्धका विविध पक्ष र आगामी दिनमा गर्न सकिने सहकार्यका बारेमा कुराकानी भएको थियो । रासस

# परराष्ट्रमन्त्रीद्वारा राष्ट्रसंघीय मानवअधिकार उच्च आयुक्तसँग भेटवार्ता




**काठमाडौँ ।**
परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्च आयुक्त भल्कर टकसँग जेनेभामा भेटवार्ता गरेकी छन् । संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्को ५८औँ उच्चस्तरीयसत्रमा सहभागिताका लागि जेनेभामा रहेकी मन्त्री डा.देउवाले बुधबार साइडलाइन भेटवार्ता गरेकी हुन् ।

भेटका अवसरमा परराष्ट्रमन्त्री डा देउवाले नेपाल मानवअधिकारको संरक्षण र प्रवद्र्धनमा विश्वकै उदाहरणीय एवं पथप्रदर्शक राष्ट्र रहेको भन्दै सीमित स्रोत र साधनका बाबजुद पनि मानवअधिकारको रक्षा र प्रवद्र्धनमा नेपाल प्रतिबद्ध रहिआएको बताइन् ।

उनले नेपालको वर्तमान संविधानले नागरिक स्वतन्त्रताका साथै नागरिकका राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूलाई मौलिक अधिकारका रूपमा व्यवस्था गरेको जानकारी गराउँदै नेपाल सरकार लोकतान्त्रिक मूल्य मान्यता, कानूनी शासन र न्यायपालिकाको स्वतन्त्रताप्रति पूर्ण रूपमा प्रतिबद्ध रहेको स्पष्ट गरेकी थिइन् ।

मन्त्री डा.देउवाले शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्न सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनको निर्माण गरेर नेपाल सरकार तदारुकताका साथ अघि बढेको जानकारी दिँदै सङ्क्रमणकालीन न्यायलाई छिट्टै टुङ्ग्याउने प्रतिबद्धता पनि व्यक्त गरेकी थियन् ।

भेटमा परराष्ट्र मन्त्रालयको संयुक्त राष्ट्रसङ्घ महाशाखा प्रमुख कृष्णप्रसाद ढकाल, जेनेभास्थित संयुक्त राष्ट्रसंघीय नेपाली स्थायी प्रतिनिधि रामप्रसाद सुवेदी,प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मानवअधिकार तथा अन्तरराष्ट्रिय सन्धि सम्झौता महाशाखा प्रमुख राजेन्द्र थापालगायत थिए । रासस

# ‘नेपाल–भारतबीच सम्बन्ध थप सुदृढ गर्न आवश्यक’

**काठमाडौँ ।**
प्रतिनिधिसभाअन्तर्गतको अन्तर्राष्ट्रियसम्बन्ध र पर्यटन समिति सभापति राजकिशोर यादवले नेपाल–भारतसम्बन्ध सुदृढ गर्न र साझा अवसरको लाभ लिन सहकार्यको आवश्यकता रहेको बताएका छन् ।




भारतको नयाँदिल्लीमा आयोजित ‘नेपाल–भारतसम्बन्ध, छिमेकी कूटनीति र बुद्धका उपदेशको सान्दर्भिकता’ सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा उनले नेपाल र भारतबीचको ऐतिहासिक, सांस्कृतिक, धार्मिक, र जनस्तरको सम्बन्धलाई अझ सुदृढ गर्नुपर्नेमा जोड दिए ।

‘नेपाल र भारतबीच शताब्दीयौँदेखि सभ्यतागत सम्बन्ध छ । जसलाई साझा इतिहास, परम्परा, धर्म, विश्वास, र जनस्तरको सम्बन्धले परिभाषित गर्छ । यी साझा विशेषताहरूले हामीलाई इतिहास र संस्कृतिसँग जोडिएका अवसरलाई मूर्तरूप दिन मात्र होइन, द्विपक्षीयसम्बन्ध सुदृढ पार्दै क्षेत्रीय सहकार्यमार्फत साझा समृद्धि हासिल गर्ने अवसर प्रदान गर्छ,’ सभापति यादवले भने ।

उनले नेपाल–भारतको ऐतिहासिक र सांस्कृतिक सम्बन्धलाई सुदृढ गर्न बौद्ध, रामायण र महाभारत सर्किटजस्ता धार्मिक पर्यटन मार्गहरूको प्रवद्र्धन गर्नुपर्ने बताए ।

दुई देशबीच भौतिक र डिजिटल सम्पर्कमा विस्तार, आर्थिक र क्षेत्रीय सहकार्यलगायत विषयमा आफ्नो धारणा पूर्वमन्त्री यादवले दक्षिण एसियामा साझा समृद्धि र शान्तिका लागि नेपाल–भारतको सहकार्यलाई थप बलियो बनाउन आह्वानसमेत गरे ।

बोधगया र लुम्बिनीलाई जोडेर बौद्ध सर्किट बनाउने, अयोध्या र जनकपुरलाई समेटेर रामायण सर्किट विस्तार गर्ने तथा पाण्डवहरूसँग सम्बन्धित स्थानलाई समेटेर महाभारत सर्किट प्रवद्र्धन गर्ने योजनालाई मूर्त रूप दिइनुपर्ने उनको भनाइ छ ।

त्यस्तै, सीमापार रेल, सडक, पेट्रोलियम पाइपलाइन र ऊर्जा प्रसारणलाइनजस्ता पूर्वाधार परियोजनालाई तीव्र गतिमा अघि बढाउनुपर्ने पनि सभापति यादवको भनाइ छ । नेपाल–भारतबीच डिजिटल भुक्तानी प्रणालीमा सहकार्य तथा अन्तरआवद्धताको विषय पनि उनले उठाए । त्यस्तै, भारतबाट नेपालमा जलविद्युत्, उद्योग, र पर्यटन क्षेत्रमा लगानी बढाउन आग्रह गर्दै उनले त्रिपक्षीय ऊर्जा सम्झौताले क्षेत्रीय सहकार्यको ढोका खोलेको बताए ।

‘यी साझा अवसरको लाभ लिन दुवै देशले पर्याप्त प्रयास गर्न आवश्यक छ । यी पहललाई व्यावहारिक रूपमा सफल बनाउन प्रतिबद्धता चाहिन्छ,’ उनले भने, ‘भौतिक र डिजिटल सम्पर्क हाम्रो सहकार्यको प्रमुख आधार हुनुपर्छ, किनभने तिनीहरू आर्थिक वृद्धि, सामाजिक प्रगति, र क्षेत्रीय स्थिरताका लागि महत्त्वपूर्ण छन् ।’

सार्क, बिमस्टेक, बीबीआइएनजस्ता क्षेत्रीय मञ्चहरूको प्रभावकारी प्रयोग गर्दै नेपाल–भारत सम्बन्धलाई मात्र नभइ सम्पूर्ण दक्षिण एसियाली क्षेत्रलाई समृद्ध बनाउने दिशामा काम गर्न उनले आग्रह गरे । रासस

# दुई महिनापछि खुले मुस्ताङका विद्यालयः शैक्षिक सत्र सच्याउन माग

**मुस्ताङ ।**
मुस्ताङका सामुदायिक विद्यालयमा पठनपाठन सुरुवात भएको छ । दुई महिना हिउँदे बिदापछि जिल्लाका बारागुङ, घरपझोङ र थासाङ गाउँपालिकाका विद्यालय पुनः सञ्चालनमा आएका हुन् । हिउँदयामको पुस र माघ महिनामा हिमपात र अत्यधिक चिसोले बालबालिकाको शिक्षण सिकाइ क्रियाकलाप प्रभावित हुने तल्लो मुस्ताङका सामुदायिक विद्यालयले विद्यार्थीलाई लामो हिउँदे बिदा दिने गर्दछन् ।

हिउँदयाममा स्थानीय तहका विद्यालयलाई दुई महिना लामो हिउँदे जाडो बिदा दिने गरिन्छ । उपल्लो मुस्ताङको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिका अन्तर्गतका सामुदायिक, गुम्बा, आमची र संस्थागत विद्यालय भने हिउँदयाममा साबिक स्थान छाडेर बेँसीमा झारिने शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख रामेश्वर लामिछानेले जानकारी दिए ।

जिल्लामा ३५ सामुदायिक विद्यालय छन् । गुम्बा, आमची र संस्थागत गरी १२ विद्यालय सञ्चालनमा छन् । जिल्लाका ४७ विद्यालयमध्ये घरपझाङ, थासाङ र बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका २४ विद्यालयले बर्सेनि हिउँदे बिदा दिने गरेका छन् ।

यसरी दुई महिना लामो हिउँदे जाडो बिदा दिएका विद्यालयले फागुनको पहिलो सातादेखि क्रमशः शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिने गर्दछन् । जिल्लामा दुई महिना लामो हिउँदे बिदाका लागि ४५ दिन वार्षिक सरकारी बिदा र १५ दिन सट्टा बिदा गरी ६० दिन विद्यालयको शैक्षिक पठनपाठन स्थगित गरिने जनाइएको छ ।

जिल्लाका तीन स्थानीय तहका सामुदायिक विद्यालयहरू फागुनदेखि क्रमशः शैक्षिक पठनपाठन सञ्चालनमा आएको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख लामिछानेले जानकारी दिए । उनका अनुसार विद्यालय खुले पनि जिल्लाबाहिर रहेका विद्यार्थी विद्यालय फर्किन थालेका छन् । घरपझोङ, थासाङ र वारागुङ मुक्तिक्षेत्रका अधिकांश सामुदायिक तथा धार्मिक गुम्बा विद्यालयहरूमा शैक्षिक पठनपाठन सुरु भएको एकाइ प्रमुख लामिछानेको भनाइ छ ।

उनका अनुसार जिल्लाका तीन स्थानीय तहका विद्यालय हिउँदयामको पुस र माघमा विद्यालय पूर्ण रूपमा बन्द हुने भए पनि उपल्लो मुस्ताङका विद्यालयले विद्यार्थीलाई हिउँदे बिदा दिँदैनन् । उपल्लो मुस्ताङका विद्यालयले स्थानीय गाउँपालिकाको सिफारिसमा विद्यार्थीलाई घुम्ती कक्षा चलाउन बेँसी स्थान्तरण गर्ने प्रचलन छ ।

चिसोले बालबालिकाको स्वास्थ्यमा असर पर्ने र विद्यालयको शैक्षिक क्रियाकलाप सञ्चालन गर्नसमेत बाधा पुग्ने भएकाले उपल्लो मुस्ताङका विद्यालयहरूले विद्यार्थीलाई पोखराका विभिन्न स्थानमा लगेर शैक्षिक क्रियाकलाप गर्ने गर्छन् । उपल्लो मुस्ताङका विद्यालय जाडो छल्दै घुम्ती कक्षा चलाउन कात्तिकअगावै बेँसीको न्यानो स्थानमा स्थान्तरण गर्ने प्रचलन रहेको लोमान्थाङ गाउँपालिकाका प्रशासन प्रमुख विकास केसीले जानकारी दिए। लोमान्थाङ गाउँपालिकाको तीन सामुदायिक विद्यालयको पोखरामा आफ्नै भवनमा घुम्ती कक्षा चलाउने गरेको उनले बताए ।

यसैगरी, उपल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिकाका आठ सामुदायिक विद्यालयमध्ये सात विद्यालयलाई जाडो छल्न बेँसी झारिएको थियो । गाउँपालिकाको घमी आधारभूत विद्यालयले भने जाडो छल्न बेँसी नझरी दुईमहिने हिउँदे बिदा दिएको थियो ।

घमी आधारभूत विद्यालय हिउँदे बिदापछि सञ्चालनमा आएको र बाँकी सात सामुदायिक विद्यालयले घुम्ती कक्षाका रूपमा बेँसीमै रहेको गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले जानकारी दिए । लोघेकरका विद्यालय आपसमा अस्थायी मर्ज गरी दुई स्थानमा घुम्ती कक्षा सञ्चालनमा रहेको अध्यक्ष विष्टले बताए ।रासस

# उपकुलपति सिफारिस प्रक्रिया यथाशीघ्र टुङ्ग्याउन ध्यानाकर्षण

**काठमाडौँ ।**
काठमाडौँ विश्वविद्यालयको उपकुलपति सिफारिस प्रक्रिया यथाशीघ्र टुंग्याउन विश्वविद्यालयका पदाधिकारीहरूले उपकुलपति खोज तथा सिफारिस समितिको ध्यानाकर्षण गराएका छन् ।

विश्वविद्यालयका १३ जना पदाधिकारीले संयुक्त रूपमा पत्र पठाउँदै विश्वविद्यालयको उपकुलपति सिफारिस प्रक्रिया यथाशीघ्र टुङ्ग्याउन ध्यानाकर्षण गराएका हुन् ।




उपकुलपति सिफारिसमा ढिलाइ हुँदा समितिको कार्यक्षमता एवं निष्पक्षता माथिसमेत प्रश्न उठ्न थालेकाले प्रक्रिया यथाशीघ्र टुङ्ग्याउनुपर्ने ध्यानाकर्षणपत्रमा उल्लेख छ । उपकुलपति छनोटका लागि बनाइएका कार्यविधि तथा मापदण्डका आधारमा तीन जनाको नाम कुलपतिसमक्ष सिफारिस हुने विश्वास पनि व्यक्त गरिएको छ ।

‘उपकुलपति छनोट प्रक्रियामा सहभागी भई प्रस्तुति र अन्तर्वार्ता दिने उम्मेदवारहरूले पाएको अङ्कलाई तोडमोड गरिएको, प्रक्रिया सुरु भइसकेपछि नाम सिफारिसका लागि वस्तुपरक नदेखिने किसिम नयाँ सर्त अघि सारिँदा समितिमा अन्य सदस्यलाई अप्ठ्यारो परेको भन्ने विषयहरू सञ्चारमाध्यममा आइरहेका छन् ।

यसलाई गलत साबित गरी समिति आफैँले स्वीकृत गरेको प्रक्रिया र मापदण्डमा आधारित भई तीन जनाको नाम यथाशीघ्र सिफारिस हुनेमा हामी सबै आशावादी छौँ संयुक्त ध्यानाकर्षणपत्रमा भनिएको छ ।

उक्त ध्यानाकर्षणपत्रमा काठमाडौँ विश्वविद्यालय स्कुल अफ एजुकेशनका डिन प्रा.डा.बालचन्द्र लुइँटेल, एशोसिएट डिनद्वय प्रा.डा.प्रकाशचन्द्र भट्टराई र प्रा.डा.हेमराज काफ्ले, स्कुल अफ आर्टस्का कायममुकायम डिन एक्कुमाया पुन, एशोसिएट डिन डा उद्धव प्याकुरेल, स्कुल अफ म्यानेजमेन्टका डिन प्रा.डा.विजय केसी, एशोसिएट डिन डा खगेन्द्र आचार्यलगायतको हस्ताक्षर छ ।

त्यस्तै, स्कुल अफ मेडिकल साइन्सेज डिन प्रा.डा.मनोज हुमागाईँ, स्कुल अफ साइन्सका कायममुकायम डिन प्रा.डा.उज्ज्वलमान जोशी, स्कुल अफ लका डिन प्रा.डा.ऋशिकेश वाग्ले, एशोसिएट डिन डा.शिवकुमार गिरी र स्कुल अफ इन्जिनियरिङका एशोसिएट डिनद्वय डा श्यामसुन्दर खड्का र प्रा.डा.बालकृष्ण बलको हस्ताक्षर छ । रासस

# होटल बन्दीपुर हिल अन्तिम चरणमा



**तनहुँ ।**
बन्दीपुरमा निर्माणाधीन पाँचतारे होटल बन्दीपुर हिल अन्तिम चरणमा पुगेको छ । सत्र तले कुइन टावर नामकरण गरिएको सो होटल आगामी जेठ महिनाबाट सञ्चालनमा ल्याउने तयारी गरिएको छ ।
बन्दीपुर–४ बरालथोकमा निर्माणाधीन सो होटलबाट माछापुच्छ्रेदेखि लाङटाङसम्मको हिमशृङ्खला र अन्य मनोरम दृश्यावलोकन गरी मज्जा लिन सकिने छ । त्यसैगरी, बजार क्षेत्रलाई हेर्न सकिन्छ, जुन पर्यटकका लागि पृथक र रोचक अनुभव हुनसक्ने बताइएको छ ।
बन्दीपुर हिलले प्याकेजका रूपमा र्याफ्टिङ, रकक्लाइमिङ, जीपलाइन स्काइसाइक्लिङलगायत साहसी खेलको गन्तव्यका रूपमा विकास गर्न लागेको बन्दीपुर हिलका महाप्रबन्धक रोमनमान श्रेष्ठले जानकारी दिए । उनका अनुसार यस होटलमा ८० कोठा रहने छन् । परियोजनाले तल्लो स्टेशनमा तीन अर्ब ८३ करोड लगानी गरिसकेको छ । परियोजनाको कुल लागत छ सय २९ करोडमध्ये करिब चार सय ३३ करोड बराबरको काम सम्पन्न गरिसकेको बताइएको छ ।
'साहसिक खेलका साथै खड्गदेवी मन्दिरको दर्शन गर्न सकिन्छ, बन्दीपुरमा घुम्न आउने पर्यटकले पृथक अनुभव लिन सक्नेछन्' महाप्रबन्धक श्रेष्ठले भने, 'रेशमी खेती, मौरीपालनसँगै समुदायको विकासका लागि बन्दीपुर हिललाई सामूहिक उद्यमी क्षेत्रमा नमूना बनाइँदैछ ।'
बन्दीपुर–४ ठुलढुङ्गास्थित केबलकारको तल्लो स्टेशन ८० रोपनी क्षेत्रफलमा होटलसहितका मनमोहक उद्यान निर्माण गरिएको छ, जुन पृथ्वीराजमार्ग सडक छेउमा रहेको छ । एक हजार छ सय १६ मिटर लामो केबलकार करिब सात मिनेटमा पार हुने छ ।
केबलकार यात्राको क्रममा तल्लो स्टेशनबाट माथिल्लो स्टेशनतर्फ जाँदै गर्दा ९० डिग्रीको कोणमा आकाशतर्फ उडिरहेको आभास गर्न सकिन्छ । केबलकार सञ्चालनको पहिलो वर्ष कम्पनीको विशेष अफरमा पाँच सयमा आवतजावत गर्न सकिने जनाइएको छ । रासस

# भद्रपुर झापा गोल्डकपः झापा–११ फाइनलमा प्रवेश



**भद्रपुर ।**
दोस्रो संस्करणको भद्रपुर झापा गोल्डकप २०८१ को दोस्रो सेमिफाइनलमा भुटानको डागा युनाइटेड एफसीलाई पराजित गर्दै झापा–११ फाइनलमा प्रवेश गरेको छ ।
मेची रङ्गशालामा बुधबार भएको खेलमा झापा–११ ले डागा युनाइटेडमाथि ३–१ को जित निकालेको हो । पहिलो हाफ गोलरहित बराबरीमा सकिएको आजको खेलको ५५औँ मिनटमा झापा–११ का एरोन थापाले फ्रि किममार्फत गोल गरे । खेलको ८४औँ मिनटमा डागा युनाइटेडका सुरज रसायलीले बराबरी गोल फर्काए । निर्धारित ९० मिनटको खेल हुँदासम्म दुवै टोली १–१ को स्थितिमा थिए । पाँच मिनट थपिएको इन्जुरी समयमा भुटान समालिन नसक्दा झापा–११ ले दुई गोल थप्यो । झापा–११ का लागि रोहन कार्की र हरिबहादुर आलेमगरले इन्जुरी समयमा गोल गरे । आजको खेलको प्लेयर अफ द म्याच झापा–११ का एरोन थापा भए । उनले २१ हजार नगद र ट्रफी प्राप्त गरे ।
यही फागुन १६ गते शुक्रबार झापा–११ ले आयोजक भद्रपुर ब्लेजर्ससँग उपाधिका लागि खेल्नेछ । आयोजक ब्लेजर्सले बंगलादेशको काउर्न बाजार प्रगति सङ्घलाई हराउँदै अन्तिम दुईमा स्थान बनाएको हो । प्रतियोगिताको विजेता टोलीले नगद १३ लाख रुपैया तथा उपविजेता टोलीले नगद सात लाख रुपैयाँ प्राप्त गर्नेछन् । रासस

# भारतीय केरा आयातले नेपालमा उत्पादित केराको बजार प्रभावित

**चितवन ।**
भारतीय केराको आयातले नेपालमा उत्पादित केराको बजारलाई प्रभावित बनाएको छ । भारतबाट वैध र अवैध दुवै रूपमा भित्रिएको केराले बजार प्रभावित बनाएको हो ।
चितवन केरा उत्पादक सङ्घका अध्यक्ष माधव घिमिरेका अनुसार अहिले यहाँको केरा बजारीकरणका लागि तयारी अवस्थामा छन् । बजारमा भारतीय केराले स्थान पाउँदा यहाँको उत्पादनले सहजै बजार पाउन कठिन भएको उनले बताए ।भारतमा ठूला र चिल्ला केरा उत्पादन हुने हुँदा यहाँका केराको तुलनामा भारतीय केरामा ग्राहकको आँखा पर्ने गर्दछ । नेपालको बजारमा ४० प्रतिशत केरा भारतबाट आउने गर्दछ । थोरै केरामात्र भन्सार तिरेर आउने गरेको भए पनि धेरै अवैध रूपमा भित्रने अध्यक्ष घिमिरेको दाबी छ ।
उनले भने, 'कृषिको अरू उत्पादन सहज आउन रोक्दा केरालाई सरकारले रोक्दैन ।'
केरा आयातमा रोक लगाइएमा नेपालमा आत्मनिर्भर हुनसक्ने गरी उत्पादन गर्न सकिने उनको भनाइ छ । देशकै सबैभन्दा बढी केरा उत्पादन हुने चितवनमा तीन हजार दुई सय हेक्टर हाराहारीमा केरा खेती हुँदै आएको छ । यहाँका सात सय बढी किसान केराखेतीमा संलग्न छन् ।
हरियो केरा,चिनी चम्पा, माल्भोग जातका केरा व्यावसायिक रूपमा लगाइएको छ । चैतदेखि साउन सम्मलाई किसानले केरा उत्पादनको मुख्य सिजनको रूपमा लिने गर्दछन् । रासस

# नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्र निष्कासन

**काठमाडौँ ।**
सरकारी ऋण उठाउन सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले तीन अर्ब रुपैयाँको नागरिक बचतपत्र र ५० करोड रुपैयाँको वैदेशिक रोजगार बचतपत्र निष्कासन गरेको छ ।
कार्यालयले बुधबार सूचना जारी गर्दै 'नागरिक बचतपत्र–२०८६' र 'वैदेशिक रोजगार बचतपत्र–२०८६' निष्कासनसम्बन्धी जानकारी दिएको हो । पाँच वर्ष अवधिका नागरिक बचतपत्रमा सात प्रतिशत र वैदेशिक रोजगार बचतपत्रमा साढे आठ प्रतिशत ब्याज उपलब्ध गराइने कार्यालयले जनाएको छ । यही फागुन १५ गतेदेखि आगामी चैत १५ गतेसम्म बचतपत्रका बिक्री खुला रहने र उक्त अवधि अगावै निष्कासित रकम बराबरको आवेदन परेमा बन्द गरिने जनाइएको छ ।
यी बचत पत्रको ब्याज प्रत्येक छ महिनामा सम्बन्धित खरिदकर्ताको बैंक खातामा सोझै भुक्तानी हुनेछ । घटीमा १० हजार रुपैयाँ र बढीमा कुल निष्कासित रकमको सीमा नबढाई १० हजार रुपैयाँले भाग गर्दा निःशेष भाग जाने अंकमा खरिद गर्न सकिने कार्यालयले जनाएको छ । पहिलो आवेदन दिनेले पहिले खरिद गर्न पाउनेछन् ।
बचतपत्रमा गरिने लगानीबारे सर्वसाधारणलाई जानकारी रहँदा निष्कासन गरिएको रकमभन्दा न्यून आवेदन पर्ने गरेका छन् । यसअघि कार्यालयले गत मङ्सिर १२ गतेदेखि निष्कासन गरेको वैदेशिक रोजगार बचतपत्र, २०८६ (क) मा करिब १२ प्रतिशत बराबर मात्रै बचतपत्र खरिदका लागि आवेदन परेको थियो ।
सहज र सुरक्षित तबरले आकर्षक प्रतिफल दिने सरकारी उपकरण बचत पत्रको ब्याजदर अहिले बैंक तथा वित्तीय संस्थाले मुद्दती निक्षेपमा दिइरहेको ब्याजदरभन्दा दुईदेखि साढे दुई प्रतिशत बिन्दुले बढी हो । यसमा सरकारले मूलधनको सुनिश्चित गरेको हुँदा सुरक्षित लगानी मानिन्छ ।
साथै, बचत पत्रको ब्याज रकम हरेक छ महिनामा खरिदकर्ताको बैंक खातामा सिँधै जम्मा हुन्छ । यसलाई धितो राखेर बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन सकिन्छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सञ्चालन गर्ने डोम्स (डिओएमएस) प्रणाली र इन्भेस्टर पोर्टलमार्फत यी बचत पत्रको सहजै कारोबार गर्न सकिन्छ । रासस

# इन्टरनेटमा हेरेरै केराको खम्बाबाट कागज उत्पादन



**मकवानपुर ।**
हामीले सामाजिक सञ्जालमा विभिन्न प्रकारका सामग्री र खानेकुरा बनाइरहेको त देखेकै छौँ । आफूलाई मनपर्ने परिकार बनाउन पनि इन्टरनेटमा रेसिपी हेर्ने चलन छ । तर, मकवानपुरका एक ३५ वर्षीय युवकले भने इन्टरनेटमा हेरेर केराको खम्बाबाट कागज उत्पादन सुरु गरेका छन् ।
वैदेशिक रोजगारीका क्रममा सात वर्ष साउदी अरबमा काम गरेका मकवानपुरगढी गाउँपालिका–३, बाबियोडाँडाका प्रेमप्रसाद तिमल्सिनाले इन्टरनेटमा भिडियो हेरेकै भरमा केराको खम्बाबाट कागज उत्पादन गरिरहेका छन् । साउदी अरबमा छँदा गाडी चलाएका उनले नेपाल फर्केपछि केही समय काठमाडौंमा ट्याक्सी चलाए । ट्याक्सी चलाएर भनेजस्तो कमाइ नभएपछि गाउँ फर्किए । गाउँमा पशु प्राविधिकसम्बन्धी तालिम लिएर बाख्रापालनसमेत गरेका तिमल्सिनाले आफूलाई मोबाइलमा केराको खम्बाबाट कागज बनाइरहेको भिडियोले हौस्याएको बताउँछन् । मोबाइलमा भिडियो हेरेकै भरमा उनले खेर गइरहेको कच्चा पदार्थबाट केही गरौँ भन्ने सोचका साथ हाते कागज उद्योग स्थापना गरेको उल्लेख गरे ।
तिमल्सिनाले ८ लाख लगानी गरेका छन् । उनले यस प्रयासले केराखेती गरिरहेका किसान र बेरोजगार युवालाई प्रेरणा मिलिरहेको छ । मकवानपुरमा पहिलोपटक सुरु भएको यस उद्योगले यतिबेला सबैको ध्यान केन्द्रित गरेको छ । उनले उद्योग सुरु गर्दा पहिलो महिनामा जम्मा ५० हजारको कागज बिक्री भएको थियो । उक्त कागज धूपका लागि हेटौँडा बजारमा बिक्री गरिएको उनले बताए । विशेष गरेर लोक्ताबाट बनाइने नेपाली हाते कागज केराको खम्बाबाट परीक्षण उत्पादन गर्दा सफल भएको र उत्पादनलाई निरन्तरता दिइरहेको उनले बताए ।
लोक्ताबाट नेपाली हाते कागज उत्पादन हुन्छ भन्ने सुनेको र आफ्नो गाउँमा खेर गइरहेकाले बनाउने उत्सुकताले उत्पादनको थालनी गरेको तिमल्सिनाले बताए । उनले भने, 'हाम्रो गाउँ केराको पकेट क्षेत्र हो, यहाँ केराका खम्बा खेर गइरहेका थिए, केराको रेसाबाट कागज बन्छजस्तो लाग्यो, अनि इन्टरनेटको माध्यमबाट खोजी गर्दै कागज उत्पादन गर्न सुरु गरेको हुँ ।'
काठमाडौंबाट १ लाख ५० हजार रुपयाँमा फाइबर निकाल्ने मेसिन ल्याएर कागज उत्पादन सुरु गरेका उनलाई अहिले भ्याइनभ्याइ छ । मकवानपुरगढी गाउँपालिकाले पालिकाका लागि आवश्यक नेपाली कागज उनीसँगै खरिद गर्ने भएपछि पहिलो मागका रूपमा पाँच हजार प्रतिकागज उत्पादनमा उनी लागेका छन् ।
पहिलो चरणमा दुई सयवटा फ्रेमबाट कागज उत्पादन गरिरहेका तिमल्सिना यतिबेला लगानी बढाएर पाँच सयभन्दा बढी फ्रेमबाट कागज उत्पादन गर्ने सोचमा छन् । एउटा केराको बोटबाट औसतमा आधा किलो फाइबर निकाल्न सकिन्छ । त्यसबाट २५ वटासम्म कागज बनाउन सकिन्छ । हाल दैनिक पातलो र बाक्लो गरी एक कुरी (दुई सय पिस) कागज उत्पादन भइरहेको उनको भनाइ छ ।
केराको पकेट क्षेत्र भएकाले भविष्यमा यहाँका केराका खम्बा मूल्य निर्धारण गरेर खरिद गर्ने सोच उनले बनाएका छन् । यसरी उत्पादन भएको कागजको बजारका लागि भने समस्या छैन । उत्पादन भएका कागज स्थानीयस्तरमै खपत भइरहेको छ । स्थानीय सरकार र प्रदेश सरकारले प्राविधिक र मेसिनरी सहयोग गरेको अवस्थामा स्थानीयस्तरमा खेर गइरहेका केराका खम्बाबाट मनग्य आम्दानी गर्न सकिने उनको भनाइ छ ।
शुरुमा केराको खम्बा र डन्ठा जम्मा गरिन्छ । त्यसपछि त्यसलाई मेसिनमा हालेर फाइबर निकालिन्छ र सुकाइन्छ । फाइवरलाई कास्टिङ सोडामा हालेर बाबियोसहित पाँच घण्टा जति पकाएपछि त्यसलाई तीन–चारपटक पानीले धुनुपर्छ । त्यसपछि त्यसलाई कुटेर, मेसिनमा हालेर मसिनो हुने गरी लेदो बनाउनुपर्छ र कागज सुकाउने काठको जालीसहितको फ्रेममा आवश्यक कच्चा पदार्थ हालेर पानीबाट छानेर घाममा सुकाउनुपर्छ । घाम लागेको बेला करिब दुई–तीन घण्टामा सुकेपछि कागज तयार हुन्छ । रासस

# 'गोल्ड कार्ड' भिसा ५० लाख डलरमा बेच्ने ट्रम्पको घोषणा

**वासिङ्टन ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नयाँ 'गोल्ड कार्ड' आवासीय अनुमति ५० लाख अमेरिकी डलरमा बिक्री गर्ने योजना सार्वजनिक गरेका छन् ।
ट्रम्पले परम्परागत ग्रिनकार्डको उच्च मूल्यको संस्करण नयाँ भिसाको बिक्रीले रोजगारी सिर्जना गर्ने र अमेरिकी राष्ट्रिय घाटा कम गर्न प्रयोग गर्न सकिने बताएका हुन् ।
'हामी 'गोल्ड कार्ड' भिसा बेच्ने तयारी गरिरहेका छौं । हामी त्यो कार्डको मूल्य करिब ५० लाख अमेरिकी डलर मूल्य राख्ने तयारी गरिरहेका छौं,' ट्रम्पले ओभल अफिसमा पत्रकारहरूसँग भने ।
आफ्नो दोस्रो कार्यकालको पहिलो प्राथमिकता लाखौं गैरकानुनी आप्रवासीलाई देश निकाला गरेका रिपब्लिकन राष्ट्रपति ट्रम्पले नयाँ कार्ड अत्यधिक मूल्यवान् अमेरिकी नागरिकताको मार्ग हुने बताए ।
ट्रम्पले भने, 'धेरै मानिसहरू यो देशमा बस्न चाहन्छन्, र उनीहरूले काम गर्न, रोजगारी प्रदान गर्न र कम्पनीहरू निर्माण गर्न सक्षम हुनेछन् र यसरी आउने पैसा भएका मानिसहरू हुनेछन् ।'
करिब दुई साताभित्र कार्डको बिक्री सुरु हुने ट्रम्पले बताए । 'हामी यी कार्डहरू मध्ये १० लाख बिक्री गर्न सक्षम हुनेछौं । हामीले यो सबै काम अमेरिकी कानुन अनुरूप नै गरेका छौं,' ट्रम्पले भने ।
उनले नयाँ गोल्ड कार्डको लागि सबै आवेदकहरूलाई सावधानीपूर्वक जाँच गरिने बताए । तर, धनी रुसीहरूले पनि आवेदन दिन पाउँछन् कि सक्दैनन् भन्ने प्रश्नमा ट्रम्पले यो सम्भावना रहेको बताए ।



'सम्भवतः म केही रूसी कुलीन वर्गहरूलाई चिन्दछु जुन धेरै राम्रो मानिसहरू हुन् । यो सम्भव छ,' ट्रम्पले भने । 'उनीहरू पहिलेजस्तो धनी छैनन् । मलाई लाग्छ कि उनीहरूले गर्न सक्छन् । मलाई लाग्छ उनीहरूले ५० लाख डलर खर्च गर्न सक्छन् ।'
तीन वर्षअघि मस्कोले युक्रेनमाथि आक्रमण गरेयता थुप्रै रुसी कुलीन वर्गपश्चिमी प्रतिबन्धको चपेटामा परेका छन् ।
अमेरिकी राष्ट्रपति ट्रम्पले पत्रकारहरूसँग कुरा गर्दै रुसमाथिको प्रतिबन्ध फुकुवा गर्न कुनै न कुनै समयमा सम्भव भए पनि अहिले वार्ताको टेबलमा नरहेको बताए ।
ओभल अफिसमा ट्रम्पको छेउमा उभिएका अमेरिकी वाणिज्य मन्त्री हावर्ड लुटनिकले गोल्ड कार्डको बारेमा भने, 'हामी त्यो पैसा हाम्रो घाटा कम गर्न प्रयोग गर्न सक्छौं ।'
लामो व्यावसायिक करियरमा होटल र क्यासिनोको शृङ्खलाबद्ध ब्रान्डिङ गरेका ट्रम्पले नयाँ कार्डको नाम पनि आफ्नो नाममा राख्न सकिने सुझाव दिएका छन् ।
आफूलाई अरु कसैले सो कार्डको नाममा ट्रम्प जोड्न सकिन्छ भनेर सोधेको प्रसंग कोट्याउँदै ट्रम्पले पत्रकारहरूसँग भने, 'कसैले मलाई भन्यो– के हामी यसलाई ट्रम्प गोल्ड कार्ड भन्न सक्छौं ? प्रतिउत्तरमा मैले भने– यदि यसले मद्दत गर्छ भने, ट्रम्प नाम प्रयोग गर्नुहोस् ।' रासस

# सांसदले कानुन र विकास दुवै हेर्नुपरेको छः रोकाय



**काठमाडौँ।**
नेपाली कांग्रेसका तर्फबाट राष्ट्रियसभामा प्रमुख सचेतक कृष्णबहादुर रोकायले संविधान कार्यान्वयनका सन्दर्भमा उपयोग र प्रयोग गर्न नसकिएका प्रावधानको अब गम्भीर समीक्षा गर्न जरुरी रहेको बताएका छन्। संविधानमा रहेका यस्ता अव्यवहारिक विषय हटाउन संविधान संशोधन आवश्यक रहेको जनाउँदै उनले समानुपातिक र समावेशीका विषयलाई थप सुनिश्चित गर्नुपर्छ भने। सङ्घीय सांसद, प्रदेशसभा सदस्य र स्थानीय तहको संख्याबारे उठेका प्रश्नका बारेमा पनि ध्यान दिनुपर्ने खाँचो रहेको उनले बताए। विसं २०५७ मा नेपाल विद्यार्थी सङ्घ रुकुमको संस्थापक अध्यक्षका रुपमा राजनीतिमा प्रवेश गरेका राष्ट्रियसभा सदस्य रोकाय दुई कार्यकाल सोही सङ्गठनको अध्यक्ष, विसं २०४७ देखि २०६७ सम्म दुई कार्यकाल नेपाली कांग्रेस रूकुम जिल्ला सचिव भए। हाल पार्टीको कर्णाली प्रदेशको महामन्त्रीको जिम्मेवारीमा रहेका उनी राष्ट्रियसभामा कांग्रेसका तर्फबाट प्रमुख सचेतक हुन्।
प्रमुख सचेतक रोकायसँग 'सांसद्सँग रासस संवाद'मा राससका प्रमुख समाचारदाता नारायण न्यौपाने र श्रव्यदृश्य सम्पादक नवीन पौडेलले गरेको कुराकानीको सम्पादित अंशः

**मुलुकमा भइरहेको राजनीतिक अभ्यासलाई यहाँले कसरी हेरिरहनुभएको छ ?**
नेपाली जनताले विसं २००७, २०५६ र २०६२/६३ मा अधिकार प्राप्ति र परिवर्तनका लागि जुन आन्दोलन गरे, त्यसबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ। यसमा दलित, आदिवासी जनजाति, मधेसी, महिला, थारुलगायत सबैलाई अधिकार प्राप्त छ। संविधानमा व्यवस्थित ती अधिकारको कार्यान्वयन गर्ने मुख्य चुनौती हो। संविधान कार्यान्वयन गर्ने सिलसिलामा विभिन्न धारणा सार्वजनिक भइरहेका छन्। अहिले संविधान निर्माण गरेको १० वर्ष पुग्न लाग्यो। संविधान कार्यान्वयन गरी आन्दोलनमार्फत प्राप्त अधिकारलाई जोगाउने विषय अहिले पनि सबैको प्राथमिकतामा छ।

**संविधान कार्यान्वयन गर्ने सन्दर्भमा के कस्ता चुनौती छन्, के कस्ता विषय संशोधन गर्नुपर्छ जस्तो लाग्छ ?**
वर्तमान सरकार गठन हुँदाका बखत भएको सातबुँदे सहमतिमा एउटा महत्त्वपूर्ण बुँदा संविधान संशोधन परेको छ। ऐतिहासिक राजनीतिक पृष्ठभूमि भएका मुलुकका प्रमुख दुई राजनीतिक शक्ति नेपाली कांग्रेस र नेकपा (एमाले)को संयुक्त सरकार छ। संविधानमै हरेक १० वर्षमा संविधान पुनरवलोकन गरिने भन्ने छ। यस अवधिमा अभ्यासका क्रममा देखिएको कमीकमजोरी र अपुगलाई सुधार र संशोधन गरौँ जुन प्राप्त अधिकारलाई अझ सुनिश्चित गर्न सकियोस् भन्ने हो। संविधान कार्यान्वयन गर्दै जाँदा कहाँ चुकियो, कहाँ उपयोग र प्रयोग गर्न सकिएन त्यसलाई समीक्षा गर्न जरुरी छ। संविधान संशोधनका सन्दर्भमा अहिले निर्वाचन प्रणालीसँग जोडेर पनि कुरा उठेको छ। दल विशेषको बहुमत नआउने र खर्चिलो निर्वाचन प्रणाली भन्ने छ। जीवनभर परिवर्तनका लागि निष्ठामा रही राजनीति गरेका व्यक्ति खर्चकै कारण चुनावै लड्न नसक्ने स्थिति पैदा भएको छ। निर्वाचन आयोगले गरेको अनुसन्धानबाट संसारभरको निर्वाचनमध्ये यहाँको खर्चिलो भनी स्वीकार गरेको छ। यस्ता अव्यवहारिक विषय हटाउन संविधान संशोधन आवश्यक छ भन्ने हाम्रो भनाइ हो।

**राजनीतिक दललाई जनतालाई खुसी तुल्याएर बहुमत ल्याउन कुन कानुनले छेक्छ भन्ने पनि प्रश्न छ नि ?**
हालको निर्वाचन प्रणाली रहँदासम्म जुनसुकै दल जतिसुकै लोकप्रिय भएपनि एउटै दलको बहुमतको सरकार गठन हुने स्थिति छैन। यसलाई हामी सबैले स्वीकार्नुपर्छ। नेपाली कांग्रेसले चुनावमा ३६ प्रतिशतसम्म मत ल्याएको तथ्याङ्क छ। एमालेको पनि स्थिति त्यही हो। हालको समानुपातिक निर्वाचन प्रणालीबाट आउने सिट संख्या जोड्दा कसैको बहुमत आउँदैन। आगामी निर्वाचनमा समानुपातिक र समावेशीका विषयलाई थप सुनिश्चित गर्दै सांसदको संख्या घटाएर लैजान सकिन्छ भन्ने कोणबाट समाजमा बहस चलिरहेको छ। प्रदेश र स्थानीय तहको संख्या ठूलो भएकाले घटाउन पर्छ भन्ने विषय आएको छ। यो सरकारको मन्त्रिपरिषद् चाहे सङ्घीय होस्, चाहे प्रदेशको होस् संख्या ठूलो भयो भन्ने छ। जनताबाट उठेका यस्ता कुरालाई स्वीकार गर्नुपर्छ। इमान्दार र गम्भीरतापूर्वक उठेका विषयवस्तुमाथि समीक्षा गर्नुपर्छ।

**पछिल्लो समय राजनीति आयआर्जन गर्ने माध्यम र व्यवसाय भएको छ भन्ने पाटोलाई कसरी लिनुहुन्छ ?**
करिब तपाइँहरुले भनेको कुरा पनि हो, तर यो सबै सत्य होइन। राजनीतिमा २०५७ सालमा प्रवेश गर्दा राजनीतिक भनेको सामाजिक सेवा हो भन्ने मेरो बुझाइ थियो। समाजमा राजनीति गर्ने मानिस मानक बन्नुपर्छ भन्ने नै हो। तर अहिले सेवा होइन पेसा व्यवसाय जस्तो भएको छ भन्ने विषयलाई स्वीकार्नुपर्छ। यस क्षेत्रमा लागेका कतिपयले आफ्ना स्वार्थका लागि अनेक खालका हर्कत र नाजायज क्रियाकलाप गरी राजनीतिलाई बदनाम गरेको देखिएको छ। यसबाट राजनीति र दलप्रति जनतामा निरासा बढाएको छ। राजनीतिमा स्वच्छता ल्याउन जरुरी छ। वडाध्यक्षदेखि प्रधानमन्त्रीसम्मलाई राज्यले दिएका सुविधासँग जोडेर मानिसले कुरा उठाइरहेका हुनुपर्छ। साँचिकै जनप्रतिनिधि जनताप्रति उत्तरदायी हुने हो भने जवाफदेही र पारदर्शी हुनुपर्छ। हामी सांसदले राज्यबाट प्राप्त सेवासुविधाले काठमाडौँमा बस्न टिक्नसमेत गाह्रो छ। महिनामा दुई पटक मेरो जिल्ला रुकुम पुगेर फर्कदा एक महिनाको सुविधा सकिन्छ। यहाँको बसाइ सजिलो छैन। कोठा भाडा र अरु खर्च जुटाउन कठिन छ। प्राप्त सुविधाले सामान्य दैनिकी चलाउन पुग्दैन। जुनसुकै जनप्रतिनिधिलाई राज्यले पुग्ने सेवासुविधा दिएर पूर्ण रुपमा जनतामा उत्तरदायी बनाउनुपर्छ भन्ने मेरो मान्यता छ।

**कानुन बनाउने प्रथम जिम्मेवारी र कर्तव्य रहेका जनप्रतिनिधि किन बजेट र विकास भन्दै मन्त्रालय धाउनु भएको हो ?**
खासमा हामी विधायक हौँ। हाम्रो मुख्य र पहिलो काम भनेको गुणस्तरीय कानुन बनाउने नै हो। त्यसमा अध्ययन, बहस र छलफल गर्नुपर्ने हो। तर जनताको हेराइ फरक छ। उहाँहरु 'माननीय' जिल्लामा आएन, विकासका काम भएन भनेर भन्ने चलन छ। जनप्रतिनिधिमाथि आशा र भरोसा गर्ने विषय अन्यथा भएन। म कर्णालीबाट प्रतिनिधित्व गर्छु। राष्ट्रियसभा सदस्य हुनुका नाताले मेरा मतदाता प्रदेशसभा सदस्य र पालिका प्रमुख र उपप्रमुख हुनुभयो। उहाँहरुले काम गर्ने सिलसिलामा आएका समस्यालाई कानुन निर्माण मार्फत सम्बोधन गराउन भूमिका खेल्दिनुस् भन्नुपर्नेमा धारो, सिँचाइ, स्वास्थ्य चौकी, सडक, पुल, विद्यालय बनाउने र रोजगारी दिने जस्ता विषयमा बढी सक्रिय हुनुपर्ने बाध्यता छ। जनअपेक्षाका कारणले नेपालका विधायिकाले कानुन र विकास दुवै भूमिकामा रहनु परेको छ। चुनावका समयमा गरेका कबुल पुरा गर्नैपर्छ। किनकि त्यसबेला विकासका लागि आश्वासन दिएको हुन्छ। हुनत पूर्वाधार निर्माण लगायतका विकास वडा, स्थानीय तह र प्रदेशको कार्यक्षेत्र भित्र पर्छ। हामीले विशुद्ध कानुन बनाउनतिर मात्रै लाग्नुपर्ने हो, देशको अवस्था, समाजको बुझाइ र समय परिस्थितिले हामी बाध्यतावश दुवै भूमिकामा छौँ।

**आन्दोलनबाट व्यवस्था र सरकार परिवर्तन भइरहने तर जनताको जीवनस्तरमा भने तात्विक सुधार आउन सकेन भन्ने भनाइप्रति यहाँको धारणा के छ ?**
पक्कै पनि मुलुक र समाजमा विकृति मौलाएकै छ। कुनैपनि सरकार निर्माण भइसकेपछि सत्तारुढ पक्षले जे गर्छ र भन्छ, प्रतिपक्षको कित्तामा रहँदा त्यसैको विरोध गर्छ। सरकारमा पुगेपछि बिर्सन्छ। प्रतिपक्षमा रहँदा उठाएका विषय सरकारमा रहँदा पूरा गर्नै सक्दैन। यसको अर्थ हामी इमान्दार भएनौं। सर्वप्रथम वडा सदस्यदेखि प्रधानमन्त्रीसम्मको हैसियत राख्ने राजनीतिक व्यक्ति इमान्दार हुनुप–यो। विज्ञान र प्रविधिको युग भएकाले कुन नेता र कार्यकर्ताले के भनिरहेको छ, के गर्दैछ भन्ने कुरा जनताले बुझेका छन्। प्रतिपक्षमा हुँदा सुशासनका सन्दर्भमा व्यक्त धारणा र सरकारमा रहँदा सुशासनका लागि चालेका कदम र कार्यशैली जनताले नियाल्छन्। भन्ने एउटा गर्ने अर्कै, यो विरोधाभाष चरित्रले दलका नेतृत्वको ओज र जनविश्वास खस्कन पुगेको छ। सत्य बोल्न र गर्न नसकेको पक्षलाई स्वीकार्न हामीले सक्नुपर्छ।

**राष्ट्रियसभामा एकवर्षे अनुभव कस्तो रह्यो, अबको बाँकी कार्यकाललाई कसरी फलदायी बनाउनुहुन्छ ?**
राष्ट्रियसभामा यो मेरो पहिलो अनुभव हो। यो सभाको गरिमालाई अझ गरिमामय बनाउन लागेको छु। प्रतिनिधिसभामा र मातहतका विषयगत समितिमा जस्तो बैठक सञ्चालनका लागि आवश्यक न्यूनतम संख्या (कोरम) सम्बन्धी समस्या हालसम्म राष्ट्रियसभामा छैन। त्यस्तै मातहतका समितिका बैठक पनि कोरम नपुगेर छलफल नै रोकिएर समयमा विधेयक पारित नभएको अवस्था होइन। राष्ट्रियसभामा समयको पालना ठीक ढङ्गले हुँदै आएको छ। बैठक निर्धारित समयमै सुरु हुन्छ। यो राष्ट्रियसभाको विशेषता हो। हरेक विधयकमाथि छलफल शिष्ट र सभ्य तरिकाले हुन्छ। विधेयक सर्वसम्मत पारित गर्ने अभ्यास छ। अर्कातर्फ हाम्रा मतदाता प्रदेश र स्थानीय तहका प्रतिनिधि हुन्। त्यसै भएर समस्या हरेक महिनाको अन्तिम शुक्रबार राष्ट्रियसभामा प्रदेशिक विषयमा बहस हुन्छ। यस्तो अभ्यासले सभाको प्रभावकारिता, गरिमा र महत्व बढाएको छ। सभाले वार्षिकरुपमा दुई पटक मतदातालाई भेटेर छलफल गर्ने कार्यतालिका बनाइसकेको छ। त्यस्ता कार्यक्रममार्फत आउने सुझावका आधारमा कानुन तर्जुमा गरिने छ।

**संविधानको मर्म र भावना अनुसार राष्ट्रियसभा गठन भएन, कतिपय व्यक्तिलाई क्षतिपूर्ति दिलाउने ध्येयले सभामा ल्याइयो भन्ने टिप्पणीप्रति यहाँको प्रतिक्रिया के छ ?**
त्यो विरोधका लागि विरोधको कोणबाट आएको भनाइ हो। अहिले त्यहाँ रहेका सदस्य मुलुकको कुनै पनि परिवर्तनमा नलागेका छैनन। मानिसको उमेरले इमान्दारिता, योग्यता र क्षमतामा फरक पार्दैन। राष्ट्रियसभा पुगेका प्रत्येक व्यक्ति जनताका अधिकार स्थापित गराउन जेलनेल भोगेका र त्याग गरेका व्यक्ति हुनुहुन्छ। मुलुकमा राजनीतिक परिवर्तन र समाजका विभिन्न क्षेत्रमा विशिष्ट योगदान दिएका व्यक्तिको उपस्थिति छ। देशमा शान्ति स्थापनादेखि संविधान निर्माणसम्ममा योगदान दिएका व्यक्तिको चयन भएको छ।

**यहाँको गृह जिल्ला रूकुमको विकास प्राथमिकता के हो ?**
जिल्लाको प्राथमिकता भनेको बनेका सडक १२ महिना चल्न सक्ने स्थायी प्रकृतिको बनाउन कालोपत्र गर्ने विषय मुख्य हो। अरु जिल्ला जस्तै रुकुममा पनि शिक्षा, स्वास्थ्य, खानेपानी, पर्यटन प्रबर्द्धन र रोजगारीका विषयलाई सँगसँगै लैजानुपर्ने अवस्था छ। सडकको पहुँच र कृषिलाई जोड्न सके रुकुमको कुनाकन्दरमा बस्ने कुनैपनि नागरिकले राहतको महसुस गर्नेछन्। गाउँमा सडक पुगेका छन् तर नियमित हुन सकेका छैनन्। सडकको स्थायित्व भएमा कृषि उपजको आपूर्ति सहज हुन्छ। आजपनि कृषि र सडक जोड्न सके जिल्लाबासीलाई धेरै राहत हुन्छ।

**युवा जनशक्तिलाई विदेश पलायनबाट रोक्ने र स्वदेशमै राख्ने योजना के कस्ता हुन सक्छन् ?**
विद्यार्थी राजनीतिबाटै आएको हुनाले युवा–विद्यार्थीको मनोभावना बुझ्छु। उहाँहरुप्रति जिम्मेवार र उत्तरदायी छु। अब नेपालमै सम्भावना छ, राजनीतिक नेतृत्वमा इमान्दारिता, प्रतिबद्धता र इच्छाशक्ति भने जरुरी छ। राजनीतिक दल र राज्य इमान्दार भए युवालाई स्वदेशमा राख्न सकिने थुप्रै सम्भावना छन्। नयाँ प्रविधिको प्रयोग गर्न सके कर्णालीमा जडीबुटी र पर्यटन प्रवर्द्धनको ठूलो सम्भावना छ। जलस्रोतको सम्भावना छ। कृषि र पर्यटनका यी स्रोतसाधनको परिचालनमा राज्यले ध्यान दिनुपर्छ। सरकारले युवालाई बाहिर जान रोक्ने मात्र होइन, बाहिरिएकालाई पनि फिर्ता ल्याएर लगानीको वातावरण बनाउन सकिन्छ।



**पूजाआराधाना गर्न भक्तजनको भीड:** महाशिवरात्रि पर्वको अवसरमा महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिका–१ मा अवस्थित बाबा जलेश्वरनाथ महादेवको मन्दिरमा पूजाआराधाना गर्न भक्तजनको भीड । तस्बिरः सञ्जीतकुमार मण्डल/रासस



**कपिलेश्वरनाथ महादेव मन्दिरमा भक्तजन:** महाशिवरात्रिका अवसरमा बुधबार जनकपुरधाम उपमहानगरपालिका–१६ स्थित कपिलेश्वरनाथ महादेव मन्दिरमा पूजाअर्चनाका लागि लामवद्ध भक्तजन । तस्बिरः अमरेन्द्रकुमार यादव/रासस



**लामवद्ध भक्तजन:** महाशिवरात्रीको अवसरमा बुधबार वीरगंजको अलखिया मठमा पूजाअर्चनाकालागि लामवद्ध भक्तजन । तस्बिरः हिमाल लम्साल/ रासस



महाशिवरात्रिका दिन मधेश प्रदेशको राजधानी जनकपुरधामको पेठिया बजारस्थित गणेश मन्दिरअगाडि गरिएको शिवपार्वतीको पूजाअर्चनामा सर्वसाधारणको सहभागिता ।
तस्बिरः भरत रौनियार/मधेशदृष्टि

# देशभरका शिवालयमा आराधना गरी मनाइयो महाशिवरात्री

**मधेशदृष्टि**
**वीरगंज ।**
भगवान् शिवजी उत्पत्ति भएको रातका नामबाट नामकरण भएको महाशिवरात्रि पर्व देशभरका शिवालयमा विधिपूर्वक पूजा, आराधना एवम् दर्शन गरी मनाइएको छ ।

प्रत्येक वर्ष फागुन कृष्ण चतुर्दशी मध्यरातमा परेका दिन मनाइने महाशिवरात्रि पर्व आराध्यदेव भगवान् शिवको पूजाआराधना गरी देशभर मनाइएको हो । ब्रह्मले फागुन कृष्ण चतुर्दशीका दिन मध्यरातमा शिवरुप धारण गरेकाले मध्यरातमा चतुर्दशी तिथि परेकै दिन पूजा, आराधना, दर्शन गरे यस लोकमा सुख, शान्ति र परलोकमा सद्गति प्राप्त हुने शास्त्रीय वचन रहेको धर्मशास्त्रविद् प्राध्यापक डाक्टर देवमणि भट्टराईले बताए । वैदिक सनातन हिन्दू धर्मावलम्बीहरु बुधबार बिहानैदेखि नदी, कुण्ड र तलाउमा स्नान गरी शिवालयमा गई श्रद्धाभक्तिपूर्वक पूजाआराधना गर्दछन् । शिवजी उत्पत्ति भएको रातका नामबाट नामकरण भएको यो पर्व कालरात्रि, मोहरात्रि, सुखरात्रि र शिवरात्रि नामक चार प्रमुख रात्रिमध्ये एक पवित्र पर्वका रूपमा शिव पुराणलगायतका ग्रन्थमा उल्लेखित छ ।

महाशिवरात्रिको अवसरमा वीरगंजका अधिकांश शिव मन्दिरहरूमा श्रद्धालुहरूको भिड लागेको थियो । वीरगंजको ऐतिहासिक तथा प्रसिद्ध अलखियामठ मन्दिर र पशुपाती नाथ मन्दिरमा बिहानैदेखि भक्तहरू लाइन लगाएर पूजा गर्नका निमित्त आफ्नो पालो कुरेर बसेका थिए । त्यस्तै पर्सा जिल्लाका अन्य भेगमा रहेका शिव मन्दिरहरूमा पनि भक्तहरूको उपस्थिति उतिकै बाक्लो रहेको थियो । विशेषतः पेतेर्वासुगौलीस्थित दुग्देश्वर माहादेव मन्दिरमा भक्तहरू सबेरैदेखि पूजा गर्न पुगेका थिए ।

# रौतहटमा अवैध औषधि पसलमाथि छड्के व्यवसायीको भागाभाग




**मुकेश कुमार साह**
**रौतहट ।**
रौतहट जिल्लामा बिना अनुमति सञ्चालन भइरहेका औषधि पसलहरूमा औषधि व्यवस्था विभाग शाखा कार्यालय वीरगंजको टोलीले कडा कारबाही थालेको छ । अनुगमनका क्रममा चन्द्रपुर क्षेत्रमा मात्र आधा दर्जनभन्दा बढी औषधि पसलमा तालाबन्दी गरिएको छ भने अनुगमन टोली आइपुग्नासाथ कैयौं व्यवसायी पसल छाडेर भागेका छन् । औषधि व्यवस्था विभाग शाखा कार्यालय वीरगंजका प्रमुख अरविन्द बानियाँको नेतृत्वमा आएको टोलीले चपुर सिटी अस्पतालको औषधि पसल, डल्फिन फार्मेसी, आयु मेडिकल हल लगायतका पसलमा ताला लगाएको हो । बिना दर्ता सञ्चालन भइरहेका यी पसलहरूलाई पटक–पटक आग्रह गर्दा पनि कानुनी प्रक्रिया पूरा नगरेकाले बाध्य भएर कारबाही गरिएको अनुगमन टोलीले जनाएको छ ।

अनुगमनका क्रममा हाईवे ट्रमा सेन्टरभित्र सञ्चालित औषधि पसलसमेत बिना दर्ता भेटिएको छ । सो पसललाई ७ दिनभित्र दर्ता गर्न चेतावनी दिइएको छ । त्यस्तै, हिमालय मेडिकल हल लगायत अन्य औषधि पसललाई पनि कानुनी कागजात नवीकरण गर्न सात दिनको समयसीमा तोकिएको छ । सरकारको छड्के अनुगमनपछि स्थानीयले अब स्वास्थ्य सुरक्षामा खेलबाड नगर्न सम्बन्धित निकायलाई चेतावनी दिएका छन् । चन्द्रपुरका समाजसेवी नविन चौरसिया भन्छन्, 'अस्पतालको नाममा अवैध औषधी बेचेर जनताको स्वास्थ्य जोखिममा पार्नेहरूलाई उन्मुक्ति दिनुहुँदैन, सरकारले अझै कडा कारबाही गर्नुपर्छ ।'

त्यस्तै, स्थानीय व्यवसायी डा. सुभाष चौधरी भन्छन्, 'हामी कानुनी रूपमा पसल सञ्चालन गरिरहेका छौं, तर केही अवैध औषधी पसलेहरूले हाम्रो व्यवसायलाई नै बदनाम गरिरहेका छन्, यस्ता पसललाई तत्कालै बन्द गरिनुपर्छ ।' मौलापुरस्थित पटेल मेडिकल हलका सञ्चालक ओमप्रकाश पटेलविरुद्ध जिल्ला अदालत गौरमा मुद्दा दर्ता गरिएको छ । पटेलले बिना दर्ता औषधि पसल सञ्चालन गर्नुका साथै गैरकानुनी औषधि बिक्री वितरण गरेको पुष्टि भएपछि औषधि ऐन २०३५ अनुसार कारबाही अघि बढाइएको अनुगमन टोलीले जनाएको छ ।

तीन दिनभित्र मात्र रौतहटका २ दर्जनभन्दा बढी औषधि पसलको अनुगमन गरिएको छ । अनुगमन टोलीले बौधीमाइ नगरपालिका, कोपवा स्थित २ वटा औषधि पसलमा सिलबन्दी गरेको छ ।

औषधि व्यवस्था विभागका प्रमुख बानियाँले स्वास्थ्य सुरक्षालाई गम्भीर रूपमा असर पुर्याउने अवैध औषधि पसलहरूलाई कुनै पनि हालतमा उन्मुक्ति नदिइने बताउँदै, औषधि ऐन २०३५ अनुसार कडा कारबाही गरिने स्पष्ट गरेका छन् । मधेश प्रदेश सरकारले अवैध औषधि कारोबार नियन्त्रणका लागि थप कडा नीति लिने तयारी गरिरहेको छ भने यो अभियानलाई निरन्तरता दिइने अनुगमन टोलीले जनाएको छ ।

## बिरामीलाई निजीमा पठाउने चिकित्सकलाई सोधियो स्पष्टीकरण

प्रादेशिक अस्पताल गौरमा उपचारका लागि आएका बिरामीलाई उपकरणको अभाव भन्दै निजीमा पठाउने तीन जना चिकित्सकलाई अस्पताल प्रशासनले २४ घण्टे स्पष्टीकरण सोधेको छ । यद्धपी उनीहरुले अहिलेसम्म पत्र बुझेका छैनन् । उनीहरू सम्पर्कविहीन भएकाले अस्पतालले स्पष्टीकरणको पत्र इमेल र हुलाकमार्फत पठाउने तयारी गरेको छ । गएको शनिबार दिउँसो प्रादेशिक अस्पताल गौरमा उपचारका लागि आएका बिरामीलाई निजीमा पठाएर शल्यक्रिया गर्दा मृत्यु भएको थियो । घटना पछि चिकित्सकको लापरबाही भन्दै कारबाहीको माग राखेर पीडित परिवारले प्रहरी प्रशासन गुहारेका थिए । घटनाको निष्पक्ष छानबिनका लागि पीडित परिवारले दबाब दिएपछि अस्पतालले सोमबार चिकित्सकलाई स्पष्टीकरण सोधेको थियो । तर, पत्र भने तीनै जना चिकित्सकले बुझेका छैनन् । उनीहरू अस्पताल समेत आएका छैनन् । तीनै जना करारका चिकित्सक हुन् । प्रादेशिक अस्पताल गौरले चिकित्सक डा. पंकज साह, डा. फिरोज अन्जुम र डा. घनश्याम ठाकुरलाई २४ घण्टे स्पष्टीकरण सोधेको हो । घटनापछि चिकित्सकहरू सम्पर्कविहीन रहेको अस्पतालका अध्यक्ष अनवर हास्मीले जानकारी दिए ।

# मधानी महायज्ञलाई विश्वव्यापी बनाउने स्टारहरुको संकल्प

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लाको मौलापुर नगरपालिकाको पतौराधाम स्थित धार्मिक, सांस्कृतिक, पर्यटकीय एवम् ऐतिहासिक पुरातात्विक महादेव मन्दिरमा आयोजित मधानी महायज्ञको बुधबार चौथो दिन मधानी विशेष सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ । मौलापुरको पतौराधाममा नेपाल र भारतका चर्चित कलाकारहरुले दर्शकलाई आफ्नो प्रस्तुतिले मनमुग्ध बनाएका थिए । नेपाल र भारतका दर्शनार्थीहरु शिवमन्दिरमा दर्शन गर्न पुग्नुका साथै उनीहरुले आयोजित मधानी विशेष सांस्कृतिक कार्यक्रम समेत हेर्न पुगेका थिए । महायज्ञलाई विश्वव्यापी बनाउँने कलाकारहरुले प्रतिबद्धता व्यक्त गरेका छन् ।




नेपाल–भारतका चर्चित कलाकार पतौराधाममा पुगेपछि ओर्लिएको जनसागरणलाई व्यवस्थित गर्न प्रहरी र स्वयंसेवकलाई हम्मेहम्मे परेको थियो । सांस्कृतिक कार्यक्रम शुरु हुनुभन्दा अघि ती

बाँकी पृष्ठ २ मा




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन